स्तनपानः बालबालिकालाई वरदान
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन ।
त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार २९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 14 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२०

## कालिकामाईमा एक वर्षमैं चार करोड बेरुजू, भ्रष्टाचारको आशङ्का

प्रस, वीरगंज, २८ असार/

कालिकामाई गाउँपालिकाले आव २०७८/७९ मा अनावश्यक खर्च गरेपछि एकै वर्षमा चार करोड बेरुजू थपिएको छ । हाल सो गापामा १६ करोड ५३ लाख २२ हजार बेरुजू रहेको छ ।

गत वर्षसम्म १२ करोड १६ लाख १९ हजार बेरुजू रहेकामा नवनिर्वाचित जनप्रतिनिधिहरूले जथाभावी खर्च गर्न थालेपछि बेरुजू रकम थपिंदै गएको देखिन्छ। महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार कर्मचारीहरूमाथि नै थुप्रै बेरुजू देखा परेको छ। करारमा अनावश्यक कर्मचारी भर्ना गरी सो गापाले वार्षिक एक करोड ३१ लाख २४ हजार खर्च गरेकामा तत्काल सो कार्य रोक्न मलेपाले निर्देशन गरेको थियो ।

अनुगमन मूल्याङ्कन भ्रमण खर्चमा कर्मचारीहरूले १५ लाख ६२ हजार खर्च गरेको देखिन्छ । विविध खर्च देखाइ गापाका कर्मचारीहरूले २२ लाख २४ हजार रकम खर्च गरेको प्रतिवेदनमा उल्लेख छ ।

खरीद ऐनविपरीत ग्याँस चुलो वितरण प्रक्रिया पटकपटक गरी १२ जनाबाट ७२ लाख ३४ हजार खर्च गरिएको प्रतिवेदनमा उल्लेख छ। खरीद गरिएका ग्याँस चुलोको दरभाउ फरकफरक भएकाले भ्रष्टाचार भएको हुन सक्ने बताइएको छ। रु १० लाखदेखि २० लाखसम्म सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेमा योजनालाई टुक्रा-टुक्रा पारी



तस्वीरः फाइल

ग्याँस चुलो र सिलिन्डर खरीद गरेको र सोको भरपाई अहिलेसम्म पेश नगरिएकामा व्यापक भ्रष्टाचार भएको अनुमान गरिएको छ ।

गापाले औषधि खरीदमा पनि अनियमितता गरेको पाइएको छ । एक वर्षका लागि ४३ लाख बराबरको औषधि खरीद, ११ वटा संस्थालाई कोटेशनमार्फत ४५ लाखको तालीम गोष्ठी, वीरगंजको घरभाडा एक लाख ७१ हजार, मोबाइल खरीद दुई लाख ९६ हजार, इन्धनमा ३९ लाख १० हजार, कार्यालय सञ्चालन खर्च ५४ लाख ५९ हजार, पत्रपत्रिका, छपाइ र सूचना प्रकाशितमा २५ लाख ७२ हजार खर्चिएकाले सो रकम असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ र जतिसक्दो खर्चमा मितव्ययिता अपनाउन निर्देश गरिएको छ ।

दुर्गापूजामा पनि अनुत्पादक खर्च भएको छ । दुर्गापूजा मेला समितिले लिएको चार लाखमध्ये खसीको मासु ८० हजार, साउन्ड सिस्टम एक लाख ६० हजार, कुखुराको मासु २० हजार, खाजा ५० हजारलगायत अनावश्यक खर्च गरेको प्रतिवेदनमा उल्लेख छ । पदाधिकारी सेवा सुविधामा ४८ लाख ११ हजार खर्च देखाइएको छ। सो गापामा भएको कङ्क्रिट र ढलान जिल्ला दररेटभन्दा गापाको दररेट दोब्बर भएको र भुक्तानी गरेकोले अनियमितता भएको प्रस्ट देखिन्छ ।

सो गापाले रु १२ लाख ७९ हजारको मोटरसाइकल खरीद तथा विभिन्न ठाउँमा सडक ढलानमा रु दुई करोड १६ लाख खर्च गरेको देखिन्छ । खरीद ऐनविपरीत सो पालिकाले योजनालाई ३४ वटा टुक्रा पारी सीधा कोटेशनमा ठेकेदारमार्फत सो काम गराएकाले गापालाई धेरै हानिनोक्सानी भएको प्रतिवेदनमा उल्लेख छ ।

परामर्शदाता र डिपिआर बनाउने बहानामा १४ लाख ९७ हजार एउटा फर्मलाई सीधा भुक्तानी गरेको र विनाप्रतिस्पर्धा गराएकोले सो रकम बेरुजू भएको देखिन्छ। सो आवमा ल्यापटप, पेन ड्राइभ खरीदमा चार लाख ४८ हजार, सिसिटिभी जडानमा चार लाख ९७ हजार, बेन्च-डेस्क खरीदमा नौ लाख ९५ हजार, कार्यालय फर्निचर खरीदमा दुई लाख ५३ हजार, टावरलाइट जडानमा नौ लाख ५९ हजार सीधैं खर्च गरिएकाले सो रकम पनि बेरुजू देखाइएको छ ।

न्यानो झोला खरीद चार लाख ९४ हजार, अतिविपन्न परिवारलाई नगद हस्तान्तरण ४१ लाख १० हजार खातामा ट्रान्सफर गर्नुको साटो भरपाई गराएर दिएको र ती भरपाई सही छ कि छैन भन्ने शङ्का प्रतिवेदनले देखाएको छ ।

## श्यामपुर भेलाहामा नालाको विकासले गाउँलेलाई झन् सास्ती

प्रस, परवानीपुर, २८ असार/

पर्सा, पकाहामैनपुर गाउँपालिका-४



पकाहामैनपुर गापा-४ श्यामपुर भेलाहामा निर्माण गरिएको सडक । तस्वीरः प्रतीक

श्यामपुर भेलाहामा हालै निर्माण गरिएको नालाबाट जनताले झन् सास्ती भोग्नुपरेको छ ।

गापाको रु १० लाखको बजेटमा निर्माण गरिएको १९२ फिट लम्बाइको सडकका दुवै छेउको नालाले गर्दा सो गाउँमा पानीको निकास रोकिएको छ ।

सुरेश पासवानको घरदेखि विक्रम पटेलको घरसम्म निर्माण भएको नाला २८ इन्च चौडाइको छ । नालामा २० इन्चका दुईवटा वाल र आठ इन्चमा पानी बग्ने सतह निर्माण गरिएको छ । सो क्षेत्रको सडकका दुवै छेउमा नाला निर्माण भएपछि सडकको पानी सडकमैं जम्ने गरेको छ । जसले गर्दा १० फिट चौडा सडक भएर आउजाउ गर्न गाउँलेलाई समस्या भइरहेको प्रमेन्द्र पासवानले गुनासो गरे ।

टोलवासीले गापा र वडा कार्यालयले सडकको पानीको निकास गर्न वा माटो पुरी ग्राभेल गरेर तत्काल समस्या समाधान गर्न माग गरेका छन् । यस विषयमा वडासदस्य सञ्जु देवीका पति सुरेश पासवानले यस वर्ष बजेट सकिएकोले आगामी वर्ष मात्र सडक निर्माणको काम हुने जानकारी गराए । उनले चार/पाँच वर्षदेखि गाउँवासीले समस्या खेप्दै आए पनि सडकमा जमेको पानीको निकासको लागि ठाउँ-ठाउँमा होल बनाइ पानीको निकास दिने बताए ।

## प्रसौनीमा बहुप्राविधिक शिक्षालयको शिलान्यास

प्रस, परवानीपुर, २८ असार/

बाराको प्रसौनीमा बहुप्राविधिक शिक्षालय (पोलिटेक्निक इन्स्टिच्युट)को एकेडेमिक भवन शिलान्यास गरिएको छ ।

वडा नं २ प्रसौनीस्थित निर्माण हुने भवनको शिलान्यास गापा अध्यक्ष विनोद जयसवालले गरे । रु तीन करोड ८० लाख १४ हजारको लागतमा निर्माण भवन हुनेछ । सिटिइभिटीको बजेटबाट निर्माण भइरहेको उक्त आयोजना नौ महीनामा पूरा गर्नेगरी बिसी/मदन जेभी काठमाडौंसँग सम्झौता भएको छ। बेंगा साह माविमा हाल डिप्लोमा इन इलेक्ट्रिक सञ्चालन भइरहेको र निर्माण भइरहेको बहुशिक्षालयको एकेडेमिक भवन सञ्चालनमा आएपछि फार्मेसी, नर्सिङ, जेटिए, अमिन, सिभिललगायतका दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिइएको बताइएको छ ।



तस्वीरः प्रतीक

भवनको शिलान्यास कार्यक्रममा गापा उपाध्यक्ष किरणदेवी साह, वडा नं १ का अध्यक्ष लालबाबू मुखिया, २ का अध्यक्ष हृदयनारायण साह, ५ का अध्यक्ष सन्तोष साह, ७ का अध्यक्ष इस्लाम हवारी, वडा सदस्यहरू राजेश गुप्ता, सन्दीप गुप्ता, नरेश महतो, लालबाबू यादव, सत्यनारायण पण्डित, इलाका प्रहरी कार्यालय, प्रसौनी, गण्डकका प्रहरी निरीक्षक विनोद बोहोरालगायतको सहभागिता थियो ।

## ट्राफिकले टिभिआरएस प्रणालीबाट कारबाई गर्ने



वीरगंजको घण्टाघरमा ट्राफिक चिह्न राख्दै । तस्वीरः प्रतीक

प्रस, परवानीपुर, २८ असार/

आगामी आवको साउन १ गतेदेखि मधेस प्रदेशमा ट्राफिक प्रहरीले गर्ने कारबाई तथा जरिवानालाई टिभिआरएस (ट्राफिक भायलेशन रेकर्ड सिस्टम) अन्तर्गत कार्य सञ्चालन गर्ने भएको छ। मधेस प्रदेशका आठ जिल्लामध्ये पर्सा, महोत्तरी र सिराहा गरी तीनवटा जिल्लामा प्रारम्भिक चरणमा यो विधिबाट कारबाई तथा जरिवाना कार्य शुरू गर्ने ट्राफिक प्रहरी कार्यालयको तयारी छ ।

कुनै पनि नेपाली सवारी चालक वा सवारीधनीले सवारी नियम उल्लङ्घन गरेको खण्डमा निजको कागजपत्र ट्राफिक प्रहरीद्वारा २४ घण्टे पुर्जी जारी गरी नजीकको प्रहरी कार्यालयमा पठाइनेछ । तत्पश्चात् उक्त कागजातको इन्ट्री टिभिआरएसमा गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले जनाएको छ । उक्त कागज लिन सवारीचालक वा धनीले जरिवाना रकम राष्ट्रिय वाणिज्य बैंकमा दाखिला गर्नुपर्ने हुन्छ र बैंक भौचरको प्रतिलिपि ट्राफिक कार्यालयमा बुझाएपछि कारबाईमा परेका सवारीधनीले आफ्नो सवारीसाधनको कागजपत्र पाउने व्यवस्था छ ।

गलती अनुसारको जरिवाना रकम बैंकमा देख्न सकिनेछ । साथै भारतीय सवारीसाधनको हकमा हाल गरिरहेको अवस्था (सडकमा नै जरिवाना गरिने नियम) कायम रहेको ट्राफिक प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

## लघुकथामाथि छलफल

प्रस, वीरगंज, असार २८/

अमेरिका निवासी दुईजना साहित्यकार खेमराज पोखरेल तथा प्रतीक दैनिकका नियमित स्तम्भकार विश्वराज अधिकारीसँग आज प्रतीक दैनिकको कार्यालयमा वीरगंजका साहित्यकारहरूले साहित्यिक परिचर्चा गरेका छन् ।

अमेरिका बसेर पनि नेपाली लघुकथाका ख्यात कथाकार, समीक्षक तथा लघुकथा प्रशिक्षक खेमराज पोखरेलले लघुकथाबारे आफ्नो धारणा राख्दै यसको मानक स्वरूप स्थापित भइ नसके तापनि, आजका दिनमा बहस चल्न थालेको बताएका थिए। उनले वीरगंजेली साहित्यकारहरूको लघुकथाको स्वरूप, मर्मबारे प्रस्तुत जिज्ञासाको समाधान गरेका थिए ।



तस्वीरः प्रतीक

कार्यक्रम बिहान प्रतीक कार्यालयको परिसरमा बिहान ८ बजे सम्पन्न भएको थियो । कार्यक्रममा चन्द्रकिशोर झा, प्राध्यापक उमा मिश्र, राजेश मिश्र, महेश गौतम, नेपाली लघुकथा सम्बद्ध मधेस प्रदेशस्तरीय संस्थाका संयोजक विश्वम्भर शर्मा, कविता खड्का, साहित्यप्रेमी विनयराज गौतमलगायतको सहभागिता थियो ।

## दुधेश्वर महादेव मन्दिरको सावनी मेला सर्वसाधारणका लागि खुला

प्रस, सेढवा, २८ असार/

दुधेश्वर महादेव मन्दिर रामभौरी भाठामा हरेक वर्ष लाग्ने सावनी मेलामा सर्वसाधारणलाई जानका लागि सावन १ गतेदेखि खुला भएको छ। दुधेश्वर महादेव मन्दिर संरक्षण समिति रामभौरी भाठाका सदस्य तथा पर्सा राष्ट्रिय निकुञ्जका अधिकारीहरूबीच भएको छलफलमा सो सहमति भएको समितिका सचिव द्वारिका उपाध्यायले बताए। निकुञ्जको कार्यालयमा भएको

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

जीवन यात्रा हो । फरक के मात्र भने यो यात्राको कुनै नक्शा हुँदैन । गन्तव्यसम्म पुग्ने बाटो हामीले नै खोज्नुपर्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# ठाकुर राम सिध्याउने खेल

**वीरगंजस्थित ठाकुर राम बहुमुखी क्याम्पसका विद्यार्थीहरू आन्दोलनमा छन् । सो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको परीक्षा केन्द्र जिल्लाबाहिर बाराको सिमरा र कलैयामा परेपछि विद्यार्थीहरू आन्दोलित भएका हुन् । ठाराबका लागि त्रिविवि केन्द्रीय परीक्षा समितिले गत वर्षदेखि जिल्लाबाहिर परीक्षा केन्द्र निर्धारण गरेको हो । ठाराबमा होम सेन्टर गर्दा परीक्षा मर्यादित नभएको र वीरगंजका अन्य क्याम्पसहरूले ठाराबका लागि परीक्षा केन्द्र सञ्चालन गर्न अस्वीकार गरेको त्रिविविको भनाइ छ । ठाराब क्याम्पसमा मुख्यत: मध्यमदेखि निम्न आयस्तर भएका परिवारका विद्यार्थीहरू भर्ना हुन्छन् । सामान्य रोजगार वा ज्याला मजदूरी गर्दै अध्ययन गर्ने विद्यार्थीहरू यहाँ उल्लेखनीय छन् । निजी शैक्षिक संस्थाले दिने उच्च शिक्षामा पहुँच हुन नसक्ने सर्वसाधारण विद्यार्थीको सङ्ख्या यहाँ ठूलो छ । करीब १० हजार विद्यार्थी सङ्ख्या रहेको यस क्याम्पसमा पछिल्लो समयदेखि बिबिए, आइटी (प्राविधिक शिक्षा)लगायतका कक्षाहरू सञ्चालनमा आएदेखि विद्यार्थीहरूको आकर्षण बढ्दो छ ।**

**जहानियाँ राणाशासनदेखि व्यवस्था परिवर्तन हुँदै वर्तमान अवस्थासम्म आइपुग्दा नागरिकको शिक्षालाई प्राथमिकता दिइएको छ । विगतमा भारत पश्चिम बङ्गालको कोलकातामा गएर दिइने कक्षा १० को परीक्षा, त्यसपछि बिहारको पटनामा गएर दिएको मेट्रिकको परीक्षा, यसलाई अझ सजिलो पार्न हाम्रो मुलुकले राजधानी काठमाडौंमा शुरू गरेको एसएलसी बोर्ड परीक्षा हुँदै जिल्ला सदरमुकामहरूमा परीक्षा सञ्चालन गरियो । यसैगरी जिल्ला सदरमुकाम केन्द्रित परीक्षा केन्द्रलाई निर्वाचन क्षेत्र हुँदै पालिकासम्म पुऱ्याइएको छ । यो सबै केका लागि ? सुलभ र सहज शिक्षा तथा शिक्षामा सबैको पहुँचका लागि हो । प्राज्ञिक शिक्षाका दुई पाटा अध्ययन र परीक्षा हुन् । यी दुवै प्रक्रिया विद्यार्थीका लागि सहज र सुलभ हुनुपर्छ । मुलुकको संविधान २०७२ को मौलिक हक तथा धारा ३१ मा उल्लिखित शिक्षासम्बन्धी व्यवस्थामध्ये उपधारा ३ मा "अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानून बमोजिम निश्शुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ," उल्लेख छ । त्यसैगरी, संविधानको राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरू अन्तर्गत धारा ५१ (ज)मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिमा उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमश: निश्शुल्क बनाउँदै लैजाने उल्लेख गरिएको छ ।**

**जुनसुकै बहानामा त्रिविवि परीक्षा समितिले ठाकुर रामको परीक्षा केन्द्र तय संविधानको मर्मविपरीत गरेको छ । वीरगंजको केन्द्र सिमरा र कलैयामा पुऱ्याउनु पुन: अप्ठ्यारोतर्फ फर्काउने कार्य हो । यो कदम विद्यार्थीलाई सहज, पहुँचयोग्य र निश्शुल्क कसरी भयो ? परीक्षा अवधिका लागि सम्पूर्ण सामग्री कोठा लिएर बस्नु यसै पनि गाह्रो छ । दैनिक सार्वजनिक सवारीमा आवतजावत गर्न पर्याप्त समय हुँदैन साथै उपयुक्त समयमा पुगिने प्रत्याभूति पनि छैन । सबै विद्यार्थीसँग निजी सवारी हुँदैन, निजी सवारी रहे पनि परीक्षाको हतारमा दुर्घटनाको डर छ । यसपालि एकजना परीक्षार्थीले सवारी दुर्घटनामा ज्यान गुमाइसकेको छ । स्थानीयस्तरमा केन्द्र निर्धारण गर्न त्रिविले गरेको पहल शून्य छ । ठाकुर रामका विद्यार्थीलाई सास्ती दिने हो भने त्यहाँ स्वत: विद्यार्थी सङ्ख्या घट्छ । विद्यार्थी क्याम्पसको प्राण हो, विद्यार्थी सकिए क्याम्पस सिद्धिन्छ । यहाँ ठाकुर राम सिध्याउने खेल भइरहेको छ ।**

# जबरजस्ती करणी : कानून र व्यावहारिकता

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**अहिले विवाह सम्बन्धमा २० वर्षे उमेरको सीमा र सहमतिमा यौन सम्पर्क गर्ने १८ वर्षको उमेरको सीमालाई व्यापक खोज अनुसन्धान, छलफल र बहससँगै पुनरवलोकन गरी आमसर्वसाधारणलाई सुसूचित गर्नु र कानूनको पालना तथा कार्यान्वयन गर्नु अपरिहार्यता हो ।**

अङ्ग्रेजीको एउटा उद्धरणबाट म आफ्नो आलेख शुरू गर्न चाहन्छु–

The first basic need of a male is sexual fulfillment; for a female, affection. The second most basic need of a male is recreational companionship; for a female, communication and conversation. The third basic need of a male in a relationship is an attractive woman; for a woman, honesty and openness. The fourth basic need of a male is domestic support; for a female, financial support. The fifth basic need of a male is admiration and respect; for a woman, family commitment. — Myles Munroe

महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । एकविना अर्काको अस्तित्व सम्भव छैन, दुवै मानव सृष्टिका धरोहर हुन् भन्ने सर्वविदित छ । महिला र पुरुषमा कोही आवश्यक र कोही अनावश्यक हुँदैन, दुवैको समान आवश्यकता छ । हाम्रो संस्कृतिले त महिलालाई महाकाली, महालक्ष्मी, महासरस्वतीको स्थान दिएर, जहाँ महिलाको सम्मान हुन्छ त्यहाँ ईश्वरको वास हुन्छ भनेको पाइन्छ । उमेर बढेसँगै हुने विपरीत लिङ्गीप्रति स्वाभाविक आकर्षण भए पनि; यौन, महिला र पुरुषको आधारभूत आवश्यकताभित्र पर्ने भए पनि, अहिले यौनिक क्रियाकलापले दिनानुदिन सीमा नाघ्दै गएको छ । परिवार र समाजले विश्वास गरेका जुनसुकै नाताभित्र पनि जबर्जस्ती करणीको अपराध भएको छ । जबर्जस्ती करणी (बलात्कार, रेप) मानसिक दुर्बलताको उपज हो, यो दुर्बलता वा विकृति बढ्ने क्रममा छ ।

आव २०७५–०७६ देखि २०७७–०७८ को तीन वर्षमा ९,१२० जबर्जस्ती करणीसम्बन्धी र ७३२ बालयौन दुराचारसम्बन्धी मुद्दा दर्ता भएको नेपाल प्रहरीको तथ्याङ्कले देखाउँछ । महिला, बालबालिका उपर हुने अन्य कसूरहरूको सङ्ख्या त अझै धेरै छ । हामी एक्काइसौं शताब्दीमा सुखी नेपाली र समृद्ध नेपालको महाअभियानमा रहेका बेला समाज कता जान खोजिरहेको छ ? संविधानले व्यवस्था गरेको स्वतन्त्रता, समानता आदि मौलिक हकको उपभोग यसरी नै हुने हो ? मानिस हुनका लागि नैतिकता, इमानदारिता, विश्वास हुनुपर्ने होइन र ? सम्मान, माया आदि शब्दको कुनै अर्थ छैन अब ? यस्तै असङ्ख्य प्रश्न तेर्सिन्छन् आज हाम्रासामु । जसले मानव हुनुमा, विशेषगरी पुरुष हुनुमा गर्व हुनुको साटो धिक्कार दिनेबाहेक केही देखिंदैन । बाँचे संसार देखिन्छ भन्दै बाँच्ने मोह पनि भङ्ग गर्दैछ समयले, व्यवहारले । अब त अति भएन र ? केमा कमजोरी भयो खोजौं र मानवलाई दानव होइन मानव नै भएर बाँच्ने व्यवस्था गरौं ।

**कानूनी पक्ष :**

नेपालको संविधान २०७२ को धारा २९ मा धर्म प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन, इच्छाविपरीत काममा लगाउन पाइने छैन भनी व्यवस्था भएको छ भने धारा ३८ मा महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनी व्यवस्था भएको छ । यसका साथै धारा ३९ को उपधारा ६ मा कुनै पनि बालबालिकालाई शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै पनि प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था भएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा २० मा अठार वर्ष ननाघेका बालबालिकाले मन्जुरी दिएकोमा पनि मन्जुरी मानिने छैन र दफा २६ (२ ख) जबर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो वा मनासिब विश्वास भई वा जबर्जस्ती करणी गर्दाका बखत वा गरिसकेपछि पीडितबाट तत्काल कुनै काम भएकोमा पीडकको ज्यान गएकोमा कसूर मानिने छैन भनी व्यवस्था भएको छ । यसका साथै दफा २१९ को उपदफा २ मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरका कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिने छ भनी जबर्जस्ती करणी र महिलाको उमेरबारे स्पष्ट व्याख्या गरेको छ । संविधानलगायत प्रचलित कानूनले गरेका व्यवस्थाबारे जानकारी राख्नु र पालना गर्नु सबै नागरिकको कर्तव्य हो ।

**व्यावहारिक पक्ष:**

अहिले जबर्जस्ती करणी अपराधको तथ्याङ्क बढ्दो छ । प्रत्येक दिन ९ जनाभन्दा बढी महिला तथा बालबालिका जबर्जस्ती करणीका शिकार बन्छन् । आफ्नो यौनाङ्ग भनेको के हो भन्नेसम्म जानकारी नभएका अबोध बालबालिका र आफ्नो यौनाङ्ग ढाक्नुपर्छ भन्ने जानकारी हुँदा पनि त्यसलाई ढाक्न नसक्ने अशक्त अवस्थामा रहेका वृद्धाहरू र होश ठेगान नभएका महिलाहरू पनि सुरक्षित नभएको देखिएको छ, अहिले हाम्रो देश, समाजमा । इन्टरनेटको प्रयोग तथा विभिन्न माध्यमबाट प्रकाशन तथा प्रसारण हुने यौनसँग सम्बन्धित जानकारीहरूले सावधानीका अतिरिक्त महिला र पुरुष दुवैमा जिज्ञासा, उत्सुकतासमेत वृद्धि गरेको छ । हिजो घरभित्रै रहने छोरी, बुहारीहरू आज घरबाहिर छन्, पुरुषसरह अध्ययन तथा काममा व्यस्त छन् । हिजो छोरीभन्दा सानो भए पनि, छोराको जिम्मा लगाएर मात्र छोरीलाई घरबाहिर पठाउने बाबाआमा अहिले एक्लै पठाउन सक्ने भएका छन्, तर समाज दिन प्रतिदित असुरक्षित बन्दैछ, सुरक्षित हुन सकेको छैन । घुमाइफिराई मौका मिलाउने र मौकाको फाइदास्वरूप यौनलाई अगाडि ल्याउने पुरुष भनाउँदाहरूको जमात ठूलै सङ्ख्यामा रहेको छ । मानिसको विकृत मानसिकताले, अनुशासनहीनताले, नैतिकताको अभावले यो सबै भएको हो । यसको सुधारका लागि त हामीले प्रत्येक घरमा नैतिकता, इमानदारिता, पारिवारिक अनुशासन आदिको विकास गर्दै आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने परम्परा जगाउनुपर्छ, कोसँग कस्तो सम्बन्ध हुन्छ भन्ने कुरा सिकाउनुपर्छ । अहिले यही नैतिकता र अनुशासन निदाएकोले यस्ता समस्या दिनानुदिन बढ्दै गएका हुन् र अझै कस्तोसम्म अवस्था देख्नुपर्छ भन्ने यकीन छैन । यस्तै अवस्था रहिरहेमा हाम्रा छोरी, दिदी, बहिनी, आमा, श्रीमतीलगायत परिवारका कुनै पनि महिला सुरक्षित नहुन सक्छन् । आज अर्कालाई पऱ्यो भन्दा पनि समाजमा यस्तो भयो, भोलि यो मेरो घरमा आउँछ भन्ने कुरामा चिन्ता र चिन्तन हुन आवश्यक छ ।

अर्को चुनौतीको रूपमा रहेको छ, जबर्जस्ती करणीका सम्बन्धमा कानूनमा व्यवस्था भएको महिलाको उमेर । विश्वका विभिन्न देशहरूमा महिला र पुरुषको सहमतिमा यौन सम्पर्क गर्ने उमेर फरक–फरक रहेको देखिन्छ, जस्तै: अफगानिस्तानमा १६ वर्ष, अर्जेन्टिनामा १८ वर्ष, अस्ट्रेलियामा १६ वर्ष, अस्ट्रियामा १४ वर्ष, बङ्गलादेशमा १६ वर्ष, भूटानमा १८ वर्ष, ब्रजीलमा १४ वर्ष, बुर्किनाफासोमा १३ वर्ष, कम्बोडियामा १५ वर्ष, क्यानडामा १६ वर्ष, चीनमा १४ वर्ष, डेनमार्कमा १५ वर्ष, फ्रान्समा १५ वर्ष, भारतमा १८ वर्ष, इन्डोनेशियामा १६ वर्ष, इटलीमा १४ वर्ष, जापानमा १३ वर्ष, मलेशियामा १६ वर्ष, मेक्सिकोमा १२ वर्ष, पाकिस्तानमा १८ वर्ष, सुडानमा १२ वर्ष, स्वीट्जरल्यान्डमा १६ वर्ष, युकेमा १६ वर्ष र युएसएमा १६ वर्ष रहेको देखिएको छ भने केही अरबियन देशहरूमा विवाहपूर्व यौन सम्पर्क निषेध गरेको पनि देखिन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा बालबालिकासम्बन्धी ऐन, २०७५ ले १८ वर्ष नपुगेका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको र मुलुकी अपराध संहिता, २०७४ को दफा १७३ ले बालविवाह गर्न नहुने भनी विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गर्न–गराउन हुँदैन र गरे–गराए विवाह स्वत: बदर भई कसूरदारलाई तीन वर्षसम्म कैद र तीस हजारसम्म जरिवाना हुने व्यवस्था गरेको छ । एकातिर विवाह गर्न २० वर्ष उमेर पुग्नुपर्ने र अर्कोतिर सहमतिमा यौन सम्पर्क गर्न १८ वर्षमात्र भए हुने भन्ने कानूनी व्यवस्थाले अन्योल बनाएको छ । १८ वर्ष उमेर पूरा भइसकेपछि २० वर्ष नपुग्दै सहमतिमा यौन सम्पर्क गर्दा गर्भ रहेमा, बालबालिकाको जन्म भएमा के हुने ? कानून अनुसार के हुने अनि परिवार र समाजले के गर्ने भन्ने अन्योल देखिन्छ ।

यसका अतिरिक्त नेपालको कानूनबमोजिम १६ वर्षमा नेपालको नागरिकता प्राप्त हुने, विभिन्न निर्वाचनका लागि मताधिकार प्राप्त हुने तर सहमतिमा यौन सम्पर्कका लागि १८ वर्ष पर्खिनुपर्ने व्यवस्था अलि मिलेन, संशोधन गर्न आवश्यक छ भन्ने देखिन्छ । विश्वका विभिन्न देशमा सहमतिमा यौन सम्पर्क गर्न पाउने कानूनी व्यवस्था हेर्दा बहुसङ्ख्यक देशमा १४ वर्षदेखि १६ वर्ष रहेको देखिन्छ, अनि नेपालमा कलाकार पल शाह, प्रख्यात क्रिकेट खेलाडी सन्दीप लामिछानेमाथि लागेको जबर्जस्ती करणीको अभियोगले कानूनले बन्देज गरेको उमेर र हाम्रो समाजको व्यवहारबारे वातावरण निकै तातेको अवस्था छ । चोक–चौबाटोलगायत आमसञ्चारका साधनहरूमा पक्ष र विपक्षमा निकै बहस पैरवीहरू भइरहेका छन्, सामाजिक सञ्जालमा भावना, आक्रोशहरू व्यक्त भइरहेका छन् । यसबाट नेपालको वातावरण, मानव शरीरको संरचना र यौन आवश्यकताका सम्बन्धमा स्वास्थ्य विज्ञहरूको उचित परामर्श लिएर सहमतिमा यौन सम्पर्क र विवाह गर्न पाउने उमेरका सम्बन्धमा कानून पुनरवलोकन हुन आवश्यक छ ।

**अन्त्यमा,**

कुनै पनि देशको कानूनको पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य हो । नेपालको संविधानको धारा ४८ मा संविधान र कानूनको पालना गर्नु नागरिक कर्तव्य हुने भनी व्यवस्थासमेत भएको छ । कुनै पनि नागरिकले कानून जान्दिनँ र मान्दिनँ भन्ने छुट छैन, संशोधन नभएसम्म जे–जस्तो कानून र कार्यविधि निर्धारित छ, त्यसको त्यसैगरी पालना गर्नुपर्छ । कानूनको पालना भएन, गरिएन भने राज्यले पालना गराउन सक्नुपर्छ, कार्यान्वयन गर्न सक्नुपर्छ, तबमात्र कानूनी राज्य स्थापित हुन्छ ।

कलाकार पल शाह, क्रिकेट खेलाडी सन्दीप लामिछानेविरुद्ध आएका उजूरीहरूको वास्तविक अनुसन्धान हुनैपर्छ र दोषी देखिएमा कानूनबमोजिम सजाय पनि हुनुपर्छ । तर, संविधानको धारा २० मा उल्लिखित न्यायसम्बन्धी हकको उपधारा ५ मा कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भनी उल्लेख भएको र मुलुकी अपराध संहिता, २०७४ को दफा १२ मा कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भन्ने व्यवस्था भएकोमा उजूरी पर्नासाथ, अभियोग लाग्नासाथ कसूरदारसरह नै प्रचारप्रसार हुनु र समाजले पनि अनुसन्धान समाप्त नभएसम्म अभियुक्तलाई अपराधीकै नजरले हेर्नु अहिले समस्या र चुनौतीको विषय बनेकोले यसमा सम्बद्ध सबैले विचार गर्नुपर्ने देखिन्छ । अहिले सामाजिक सञ्जाललगायत अन्य सञ्चार साधनहरूमा प्रतिस्पर्धात्मकरूपमा हुने प्रकाशन तथा प्रसारणले इज्जत, प्रतिष्ठाका सवालमा वातावरण धमिलो बन्दै गएको छ । अभियोग जोकोहीलाई पनि लाग्न सक्छ, तर अनुसन्धानको परिणाम नआएसम्म कुनै धारणा नबनाई सबैले धैर्य गर्नैपर्छ ।

संविधानलगायत देशका प्रचलित कानूनहरू संशोधनीय दस्तावेज हुन्, समयानुकूल र विधिसम्मत संशोधन हुन्छ र हुनु पनि पर्छ । अहिले विवाह सम्बन्धमा २० वर्षे उमेरको सीमा र सहमतिमा यौन सम्पर्क गर्ने १८ वर्षको उमेरको सीमालाई व्यापक खोज अनुसन्धान, छलफल र बहससँगै पुनरवलोकन गरी आमसर्वसाधारणलाई सुसूचित गर्नु र कानूनको पालना तथा कार्यान्वयन गर्नु अपरिहार्यता हो ।

**जाँदाजाँदै,**

**It is important that the female develops a reality that honors and nurtures her femininity and has an identity and creativity of her own. It is equally important that the male in the relationship endorses that creativity.** – Stuart Wilde

# ठाराब क्याम्पसमा तालाबन्दी

नितेश कर्ण, २८ असार/

ठाकुर राम बहुमुखी क्याम्पसमा बिहीवार विद्यार्थीहरूले तालाबन्दी गरेका छन् । स्नातक तेस्रो वर्षको परीक्षा बारा जिल्लामा सारिएको विषयलाई लिएर आज ठाकुर राम बहुमुखी क्याम्पसका विद्यार्थीहरूले तालाबन्दी गरेका छन् । आज पनि केही विद्यार्थीहरूले परीक्षा बहिष्कार गरेका छन् ।

परीक्षा दिइरहेका विद्यार्थीहरूका अनुसार वीरगंजदेखि सिमरा टाढा भएको, समयमा परीक्षाकेन्द्रमा पुग्न समस्या हुने गरेको र परीक्षा हलभित्र खटिएका गार्डहरूले मानसिक तनाव दिने गरेको बताएका छन् ।

त्यस्तै, ठाराब क्याम्पसका प्रमुख रञ्जीतप्रसाद यादवले एक विज्ञप्ति जारी गर्दै आफू विद्यार्थीहरूको मागप्रति सकारात्मक रहेको र यसका लागि पहल गर्ने बताएका छन् । मृतक विद्यार्थीलाई क्षतिपूर्ति दिलाउने, परीक्षा छुटेका विद्यार्थीलाई पुन: परीक्षा दिने व्यवस्था मिलाउने र ठाकुर रामलाई होम सेन्टर राख्ने मागप्रति क्याम्पस प्रमुख सकारात्मक रहेको र यसका लागि त्रिवि केन्द्रीय कार्यालयमा जोडिएको माग गर्ने उल्लेख गरिएको छ ।

तालाबन्दीका कारण क्याम्पसका दैनिक शैक्षिक र प्रशासनिक कार्यमा समस्या भएको भन्दै विद्यार्थी सङ्गठनहरूलाई ताला खोल्न आग्रह गरिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

# युवामैत्री आर्थिक विकासको खाँचो

आर्थिक गतिविधि सङ्कुचित हुँदै जाँदा अन्ततः मुलुकको अर्थतन्त्र अहिले असहज अवस्थाबाट गुज्रिरहेको छ। यसले लगानीकर्ता र उपभोक्ता दुवै अन्योलमा देखिएका छन् । लगानीकर्ताले विश्वास गुमाउँदा एकातर्फ लगानीमा समस्या देखिएको छ भने नयाँ लगानी नहुँदा नयाँ रोजगारको अवसर सिर्जना र अर्थतन्त्र चलायमान हुन सकेको छैन । अर्कोतर्फ बढ्दो महँगी र अनिश्चितताका कारण उपभोक्ताले विश्वास गुमाउँदा उत्पादित वस्तु तथा सेवाको बजारमा सङ्कुचन आएको छ । जसले मुलुकको समग्र अर्थतन्त्र शिथिल बन्दै गएको छ। यसको प्रत्यक्ष र गम्भीर असर साना व्यवसायी र आम उपभोक्ताले चुकाउनुपरिरहेको छ। यस्तो अवस्थामा मुलुकको आर्थिक समृद्धि र विकासको जिम्मेवारीपूर्ण रूपमा एक्काइसौं शताब्दीका युवा पींढीलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। समृद्धिमैत्री आधुनिक प्रविधि आत्मसात् गर्ने नौलो सीप तथा दक्षतामा रमाउन चाहने युवालाई आर्थिक विकासको मेरुदण्डका रूपमा समाहित गर्नुपर्ने अहिलेको आवश्यकता छ । जोश र जाँगरले भरिपूर्ण आजको युवापींढीलाई आर्थिक समुन्नतिका लागि परिचालन गर्न समाजका सबै पक्षको सहयोग र सद्भाव हुनैपर्दछ ।



अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**युवाशक्तिको बेवास्ताले ऊर्जाशील जीवन खेर गइरहेको छ। युवाशक्तिलाई आर्थिक क्षेत्रमा सक्रिय राख्न र आर्थिक उत्पादन सिर्जना गर्न राज्य गम्भीर हुनुपर्दछ। यसले युवामा उत्साह, कर्तव्य र जिम्मेवारी बढाउँछ। सेवाभाव सिर्जना गर्छ। संस्कार, संस्कृति, आदर-सम्मानको बोध गराई सामाजिक परिपक्वता प्रदान गर्छ।**

विशेषगरी व्यक्तिगत अवधारणाको विकास गर्नुभन्दा सामूहिक युवा अवधारणामा आधारित श्रम-संस्कृतिका साथै प्रविधिमैत्री विकासलाई प्रोत्साहन गर्ने रणनीतिक कार्ययोजनालाई सरकारले प्रमुख प्राथमिकतामा राखेर अगाडि बढ्नुको विकल्प छैन। किनभने आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको सक्रिय मानव पूँजीलाई, परम्परागत रोजगार विकासको क्षेत्रमा मात्र सीमित नराखी सोको वैकल्पिक व्यवस्थापनका लागि तयार रहने वातावरण विकसित गर्दा क्षमता र दक्षतावान् ठूलो समुदाय लाभान्वित हुने देखिन्छ। यसका लागि स्वरोजगारीको आधारभूत सैद्धान्तिक धरातलमा आधारित स्वदेशी एवं वैदेशिक व्यावसायिक अवधारणाको आवश्यकीय उत्पादन, प्रवर्द्धन तथा विकास निर्माणको क्षेत्र पहिचान गर्दै नयाँ प्रविधि भित्र्याउने आवश्यकता छ । वास्तवमा नेपाली अर्थतन्त्रको अर्को मूल समस्या भनेको युवाहरूको बढ्दो विदेश पलायन हो । अहिले तत्कालै रोजगारका लागि विदेशिने युवा पङ्क्तिलाई रोक्न सकिन्न तर नेपालमैं पढ्न पाइने विषयमा पनि विदेशिने प्रवृत्तिमा अंकुश लगाउनैपर्दछ। नेपाली कलेजहरूका कक्षाकोठासमेत खाली हुनेगरी भइरहेको विद्यार्थी पलायन नरोक्ने हो भने निकट भविष्यमा मुलुकमा मानव संसाधनको ठूलो समस्या पर्ने प्रायः निश्चित छ। यसतर्फ सरकारको ध्यान गएको देखिएको छैन।

कुनै पनि मुलुकका लागि युवा बहुल हुने समयावधि ५०-६० वर्ष हुन्छ । त्यसपछिको अवधि भनेको अहिलेका युवा वृद्धावस्थामा प्रवेश गर्ने अवधि हो। यो अवधिमा अधिकांश केटाकेटी सरह बसीखाने आश्रित समुदायमा पर्छन्। उमेर बढ्दै जाँदा उपचार खर्च पनि बढ्छ र सोही अनुसार स्वास्थ्यकर्मी र अस्पतालको सङ्ख्या वृद्धि गर्नुपर्ने हुन्छ। अन्ततः यसले सरकारकै खर्च बढाउँछ। वृद्धभत्ता, पेन्सनजस्ता सामाजिक सुरक्षाभत्तामा बर्सेनि ठूलो धनराशि छुट्याउनुपर्दा राज्यले ठूलो व्ययभार बोक्नुपर्ने हुन्छ। यसरी एकातिर राज्यको व्ययभार बढ्ने, अर्कोतिर आर्थिकरूपले सक्रिय उमेर समूहको अनुपात घट्दा आर्थिक वृद्धिमा प्रतिकूल असर पर्ने सम्भावना रहन्छ। युवाको जोश, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्किन्छ । युवामा अथाह साहस, जोश, जाँगर र क्षमता छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ। उनीहरू भोलिका कर्णधार मात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन् । त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्रको सुधारका लागि लगाउनुपर्ने अहिलेको आवश्यकता हो ।

विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो। १५ देखि ६५ सम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय हुन सक्ने जनशक्ति मानिन्छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस उमेर समूहको अनुपात ६७ प्रतिशत रहेको अनुमान छ । तीमध्ये पनि ४० प्रतिशत युवा उमेर समूहका नै छन् । यसरी आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहको जनसङ्ख्याको अनुपात अधिक हुनुलाई जनसाङ्ख्यिक लाभ उपलब्ध भएको भनिन्छ । यस्तो लाभको उपयोग गरी मुलुकलाई विकास र समृद्धिको बाटोमा डोऱ्याउन सकिन्छ। अनुत्पादक उमेर समूहको जनसङ्ख्याको अनुपात बढी भएमा परिवार तथा राज्यलाई अत्यधिक आर्थिक भार वहन गर्नुपर्ने स्थिति आउँछ । आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहलाई पनि उत्पादनमूलक कामधन्धामा लगाउन नसक्दा समाजमा विविध किसिमका समस्या देखा पर्न सक्छन्। यिनै युवालाई उत्पादनमा लगाउन सके मुलुकको विकास र समृद्धिका लागि धेरै समय पर्खनुपर्दैन। यसका लागि राज्यले उत्पादनलाई प्रोत्साहन गर्ने र बजार व्यवस्थापनमा सहयोग गर्नैपर्ने देखिन्छ ।

समग्रमा युवा समुदायको अत्यधिक प्रतिनिधित्व हुनेगरी आर्थिक समृद्धि तथा विकासको रणनीतिलाई व्यावहारिक रूपमा लागू गर्नुपर्दछ। यसले विकासोन्मुख मुलुकको पङ्क्तिबाट नेपाललाई क्रमशः विकासशील तथा विकसित मुलुकका लागि यात्रा तय गर्न सहज हुन्छ। यस्तो कार्ययोजना अगाडि बढाउँदा लैङ्गिक समावेशी रणनीतिक योजना आत्मसात् गर्न सक्नुपर्दछ । यदि समान कामका लागि समान सीप-विकास, दक्षता तथा शैक्षिक योग्यता कायम रहेको छ भने पुरुष, महिला वा अन्य कुनै पनि पक्षमा विभेदकारी रणनीति अवलम्बन गर्नुहुँदैन। आजका युवापुस्ताले सिकेको सीप, योग्यता र दक्षतालाई अवसरका रूपमा लिंदै स्वदेशभित्रै यथार्थपरकरूपमा यसको सदुपयोग, प्रयोग, संवर्द्धन तथा प्रवर्द्धन गर्दै मुलुकको आर्थिक समृद्धिका लागि सकारात्मक वातावरण सिर्जना हुन्छ र नेपाल समृद्धशाली मुलुकको पथमा अगाडि बढ्ने निश्चित छ । अर्कोतर्फ यसले मुलुकमा कायम रहेको बढ्दो बेरोजगारी दर न्यूनीकरण गर्नुका साथै गरीबी निवारणमा समेत उल्लेखनीय प्रगति हासिल हुनेछ। यसका साथै रोजगारका लागि दिनहुँ विदेशिने युवा जमातलाई न्यून गर्दै स्वदेशमैं नयाँ अवसरको सिर्जना भई हाम्रो जोशिलो श्रम मुलुकको समृद्धिमा आबद्ध हुनेछ। फलस्वरूप मुलुकको अर्थपूर्ण आर्थिक विकासको सम्भावनालाई मूर्तरूप दिन सकिन्छ।

हुनत युवा समुदाय यस्तो सिर्जनशील समूह हो, जसको लगनशीलताबाट प्राप्त हुन आएको विकासको गतिले छोटो समयमा नै सकारात्मक परिणाम देखाउँछ। पूँजी नभएर देश विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन गरी उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै मुलुकमा नै रोजगारको अवसर सिर्जना गर्न नसक्दा भएको हो । त्यसैले विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ जसले गर्दा विदेशी हस्तक्षेपमा न्यूनीकरण भई परनिर्भरता अन्त्य हुँदै आत्मसम्मानको प्रत्याभूति हुन्छ। नेपालमा बेरोजगारी र अर्धबेरोजगारीको सङ्ख्या बढी भएकोले जनसाङ्ख्यिक लाभको उपयोग भएको देखिंदैन । यसको उपयोग मापन गर्ने महत्त्वपूर्ण समष्टिगत परिसूचक कुल गार्हस्थ्य बचतमा पनि वृद्धि भएको पाइँदैन। आर्थिकरूपले सक्रिय हुन सक्ने उमेर समूहको अनुपात ६७ प्रतिशत बढेको देखिंदासमेत कुल गार्हस्थ्य बचत १० प्रतिशत वरिपरि घुमिरहेको देखिन्छ । यसले पनि राज्यले युवा जनशक्तिलाई उत्पादनमा उपयोग गर्न सकेको छैन भन्ने देखिएको छ। विकासको कर्णधार भनेको नै युवा वर्ग हो । त्यस वर्गको उत्पादनशीलता उपयोग नहुनु भनेको युवा बेरोजगारी हुनु त हो नै, देशले विकासको सुनौलो अवसर गुमाउनु पनि हो। त्यसैले नेपालजस्तो विकासोन्मुख देशले उन्नतिको आधार स्रोत, साधन एवं जनशक्तिको उच्चतम उपयोगलाई लक्ष्य बनाएर नीति निर्माण गर्नु नै हो ।

विशेषतः अधिकांश विकासोन्मुख मुलुकका युवा जनशक्तिमा जीवनोपयोगी शिक्षा विकासको अभावका कारण दक्षतायुक्त, सीप विकासको न्यूनता कायम रहन गई न्यून ज्यालामा आत्मसम्मान तल पार्दै स्वदेशी भूमिमा होस् अथवा वैदेशिक रोजगारमा, खतराले भरिपूर्ण श्रम गर्न बाध्य रहेको तीतो यथार्थ हामी सबैलाई थाहै छ । त्यसैले गरीबी र पछौटेपन हटाउन सक्षम युवाशक्तिलाई नीतिगत ढङ्गबाट परिचालन गर्न आवश्यक छ । युवाशक्तिको बेवास्ताले ऊर्जाशील जीवन खेर गइरहेको छ। युवाशक्तिलाई आर्थिक क्षेत्रमा सक्रिय राख्न र आर्थिक उत्पादन सिर्जना गर्न राज्य गम्भीर हुनुपर्दछ । यसले युवामा उत्साह, कर्तव्य र जिम्मेवारी बढाउँछ। सेवाभाव सिर्जना गर्छ। संस्कार, संस्कृति, आदर-सम्मानको बोध गराई सामाजिक परिपक्वता प्रदान गर्छ। अनि मात्र मुलुकको आर्थिक विकास र समृद्धि सम्भव हुन्छ ।



**टनेलमा बेमौसमी तरकारीखेती :** म्याग्दीको मङ्गला गाउँपालिका-४ उपल्लो बुकेनीमा रहेको एमएमडी कृषि तथा पशुपक्षी फार्ममा गरिएको बन्दाखेती । फार्मका सञ्चालक दलवीर पुनले पाँचवटा टनेलमा टमाटर र १० रोपनीमा बेमौसमी बन्दाखेती गरेका छन्। तस्वीरः रासस

# आर्थिक अराजकता नियन्त्रणमा पूर्ण प्रतिबद्ध छु : अर्थमन्त्री डा महत

काठमाडौं, २८ असार/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले ठूलो समस्याका रूपमा रहेको बेरुजू कम गर्नका लागि अर्थ मन्त्रालय जागरूक भएर लागेको बताएका छन् ।



अर्थमन्त्री डा प्रकाशशरण महत । तस्वीरः रासस

कतिपय करदाता अदालत गएको निर्णयमा अनियमित भएका कारणले बेरुजू देखिएको उल्लेख गर्दै उनले समग्रमा आर्थिक अनुशासन कायम राख्ने र थप बढ्न नदिनेमा प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रियसभाको बिहीवारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत अर्थ मन्त्रालयका विभिन्न शीर्षकमाथि उठेका प्रश्नको जवाफमा उनले विभिन्न स्वरूपमा बेरुजू रहने भएकाले त्यो सबै दुरुपयोग भयो भन्नु गलत रहेको बताए। आर्थिक अराजकता नियन्त्रणका लागि आफू पूर्णरूपमा लागिपरेको बताए ।

मुलुकभित्र अत्यावश्यक कामका लागि आवश्यक रकम जोहो गर्न तथा अत्यावश्यक कामका लागि खर्च गर्नका लागि आकस्मिक कोषमा रकम राखिएको जानकारी दिए । विविध शीर्षकमा बढी बजेट राखिएको भन्ने सांसदहरूको जिज्ञासाको जवाफमा मन्त्री डा महतले अत्यावश्यक समस्यामा खर्च गर्ने रकमको जोहोका लागि विविध शीर्षकमा बजेट राखिएको बताए ।

उनले राष्ट्रियसभाका सदस्यका तर्फबाट प्राप्त भएका सुझावलाई अक्षरशः पालना गर्ने प्रतिबद्धता जनाए। अर्थमन्त्री डा महतले आर्थिक अनुशासन कायम गरिने र त्यसमा कुनै आशङ्का नगर्नसमेत आग्रह गरे। बजेट कार्यान्वयमा देखिएका समस्या समाधानका लागि सरकारले पहल थालिसकेको उनको भनाइ छ ।

बजेट छर्ने प्रवृत्तिलाई रोक्न खोज्दाखोज्दै

(बाँकी चौथो पातामा)

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, २८ असार/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १२ दशमलव ६२ अङ्कले ओरालो लागेर दुई हजार ४८ दशमलव ९३ मा सीमित भएको छ । ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९० अङ्कले ओरालो लागेर ३९१ दशमलव २५ मा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ।

नेप्सेका अनुसार कुल ९३ लाख ८२ हजार ४४० कित्ता शेयर रु तीन अर्ब ३९ करोड छ लाख ६० हजार ६०५ मूल्यमा खरीद-बिक्री भएका छन् । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु २३ करोड ७५ लाख ९३ हजार ३४८ मूल्य बराबरको कारोबार भएको छ ।

त्यस्तै, सोल्टी होटल रु १७ करोड ९२ लाख ९४ हजार ५६१, हिमालयन लाइफ इन्स्योरेन्स रु १६ करोड १५ लाख नौ हजार, नेपाल दूरसञ्चार कम्पनी रु ११ करोड ८४ लाख ४८ हजार ५१४ र चिलिमे आइड्रोपावर कम्पनी रु सात करोड ५० लाख ९० हजार ९८५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार एनएमबी बैंकको ऋणपत्र र सिद्धार्थ बैंकको ऋणपत्रको मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। एनआइबिएल समृद्धि फन्ड दोस्रो नौ दशमलव ९४, सिटिजन म्युचुअल फन्ड पहिलो सात दशमलव ९८ र सानिमा लार्ज क्यापका लगानीकर्ताले सात दशमलव ८३ प्रतिशतले कमाएका छन् ।

पिपल्स हाइड्रोपावर छ दशमलव शून्य पाँच, हिमालयन पावर पार्टनर पाँच दशमलव ८३, बुद्धभूमि नेपाल हाइड्रोपावर पाँच दशमलव ८३, मनकामना स्मार्ट लघुवित्त पाँच दशमलव ५६ र रिडी पावरका लगानीकर्ताले पाँच दशमलव ५३ प्रतिशतले गुमाएका छन् ।

आजको कारोबारपछि बजार पूँजीकरण रु ३० खर्ब ६४ अर्ब ६४ करोड ९१ लाख ७३ हजार १२९ बराबर रहेको छ ।

# अङ्गदान गर्ने महिला, लिने पुरुष

रूपन्देही, २८ असार/रासस


रोगले महिला र पुरुष भन्दैन, जोसुकैलाई लाग्न सक्छ। रोगकै कारण कुनै व्यक्तिको अङ्ग काम नलाग्ने भयो भने प्रत्यारोपण गर्नुपर्ने अवस्था आउँछ। यस्तोमा नजीकका आफन्तको अङ्ग आवश्यक पर्छ। त्यसका लागि सबैभन्दा पहिले घरपरिवारका सदस्य नै अङ्गदानको प्राथमिकतामा पर्छन्।

पतिका लागि पत्नी र पत्नीका लागि छोराले दिंदैन"–शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठ भन्छन्–"अङ्गदानमा देखिएको यो विभेदले आफूलाई पुरुष भन्न पनि लाज लाग्छ।" लैङ्गिक विभेद अङ्गदान र प्रत्यारोपणको चुनौती नै बनेको डा. श्रेष्ठ बताउँछन्। "महिलाको अङ्ग लिने अधिकार ठान्ने तर महिलालाई दिन पर्दैन भन्ने पुरुषको मानसिकता छ, यो मानसिकता हटाउनुपर्छ"–उनी भन्छन्।

स्वेच्छाले आफ्नो नजीकका नातेदारलाई चिकित्सकीय उद्देश्यका साथ मानव अङ्ग, मानव शरीरको अङ्ग प्रत्यारोपण ऐन २०५५ कानूनको अधीन रही अङ्गदान गर्न सक्छन्। हाम्रो मृत्युपछि डढेर र गलेर जाने अङ्गले अरूको जीवन बचाउन सकिन्छ।

अङ्ग शरीरको विशेष काम गर्ने अवयव हुन्–मुटु, फोक्सो, मिर्गौला, कलेजो, प्याङ्क्रियाज तथा आन्द्रा नखाएको, क्यान्सर र सरुवा रोग नलागेका मानिसले अङ्गदान गर्न सक्छ। १८ वर्षदेखि माथि ६५ वर्ष र स्वस्थ छ भने त्योभन्दा पनि धेरै उमेर भएकाले पनि अङ्गदान गर्न मिल्छ।

नेपालमा मानव शरीरको अङ्ग प्रत्यारोपण ऐन २०५५ अनुसार स्वस्थ व्यक्तिले आफ्नो नजीकको नातेदारलाई अङ्ग दिन मिल्छ। नजीकको नातेदार भन्नाले बाबु–आमा, दाजु–भाइ, दिदी–


तस्वीरः फाइल

पति वा बुबाआमाका लागि छोराछोरी र छोराछोरीका लागि बुबाआमा। यस्तो अवस्थामा घरका पुरुष वा महिलामध्ये अङ्गदान गर्न पहिले को तयार हुन्छ होला ? सामान्य अवस्थामा पुरुष र महिला भन्नै पर्दैन, सबैका लागि सबै तयार हुन्छन् भन्ने लाग्छ। तर तथ्याङ्कले त्यस्तो भन्दैन। अङ्गदानमा पनि व्यापक लैङ्गिक विभेद देखिने गरेको छ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको तथ्याङ्क अनुसार अहिलेसम्म भएको अङ्गदानको विश्लेषण गर्दा ७८ प्रतिशत अङ्गदाता महिला छन् भने २२ प्रतिशत मात्रै पुरुष छन्। महिलाले दान गरेको सबै अङ्ग पाउने सबै पुरुष छन्। महिलाले महिला र पुरुष दुवैका लागि अङ्गदान गरिरहेका बेला पुरुषको अङ्ग पाएर ज्यान बचाउने महिलाको सङ्ख्या अत्यन्त न्यून छ।

प्रत्यारोपणका लागि अङ्गदान गर्नेमा महिलाको सङ्ख्या बढी छ। महिलाले दान गरेका अङ्ग लिनेजति सबै पुरुष छन्। पतिलाई अङ्गदान आवश्यक परेमा पत्नी सजिलै तयार हुँदा पतिले भने कन्जुस्याइँ गर्छन्। विभिन्न बहाना बनाउँछन्। आफन्तलाई अङ्ग आवश्यक पर्दा दिन तयार हुने महिलालाई अङ्ग प्रत्यारोपण गर्नुपरेमा पुरुषहरू पर सर्ने गरेको तथ्याङ्कले देखाएको छ। विशेषगरी मिर्गौला प्रत्यारोपणमा यो अवस्था बढी हुने गरेको हो।

पुरुषको अङ्गले काम नगर्ने भयो भने महिला जस्तोसकै अवस्थामा पनि अङ्ग दिन तयार हुने तर महिलाको अङ्ग बिग्रेर काम नलाग्ने भयो भने पुरुष तयार नहुने अवस्था छ। अङ्गदान गर्न पुरुषले कन्जुस्याइँ गर्छन्। "पत्नीले पतिलाई सजिलै अङ्गदान गर्छन, तर पतिले पत्नीलाई दिन मान्दैन, बुवा आमालाई आवश्यक परे छोरीले दान गर्छे, तर

अङ्गदान गर्ने पुरुषको सङ्ख्या बढाउनकै लागि महिलालाई पुरुषले अङ्ग दिंदा रु ५० हजार आर्थिक सहयोगको व्यवस्था छ। यो प्रावधानले पनि धेरै सुधार ल्याउन सकेको छैन। महिलाले पनि प्राथमिकतासाथ मृर्गौला प्रत्यारोपण गर्न पाऊन् भनेर मस्तिष्क मृत्युबाट प्राप्त हुने मिर्गौला वितरणमा महिलालाई पुरुषको दाँजोमा तेब्बर प्राथमिकता दिइएको डा. श्रेष्ठ बताउँछन्।

समाजमा महिलालाई अझै दोस्रो दर्जाको नागरिकको रूपमा लिइन्छ। पतिले परिवारको पालनपोषण गर्नुपर्छ भन्ने पुरानो मान्यता छ, जसले गर्दा उसले अङ्गदान गर्नुहुँदैन भन्ने सोच परिवार र आफन्तले राख्छन्। तर यो सबै पितृसत्ताकै उपज हो भन्छिन्–अधिकारकर्मी प्रतिमा शर्मा।

हिंसा घरबाट र आफ्नै पतिबाट बढी हुन्छ। पतिलाई केही भए पत्नी सबैथोक त्याग गर्न तयार हुन्छे तर पुरुषले महिलालाई उपयोग मात्रै गर्छ"–उनी भन्छिन्। उपयोगितावादले गर्दा महिलाप्रति पुरुषको संवेदना कम हुने गरेको उनको विश्लेषण छ। "महिलाप्रति व्यक्ति र समाजको सोच बदल्न सानो लगानीले हुँदैन। सरकार, निजी क्षेत्र तथा सबै आआफ्नो ठाउँबाट लाग्नुपर्छ, शिक्षाको पाठ्यक्रम पनि त्यही अनुसारको बनाउनुपर्छ"–शर्मा थप्छिन्।

लैङ्गिक विभेद अन्त्य गर्न पितृसत्तात्मक संरचना नै बदल्नुपर्ने र तीनै तहका सरकारले प्रत्येक घरधुरीमा पुग्नेगरी व्यापक सचेतना जगाउनुपर्ने सुझाव अधिकारकर्मी शर्माको छ। अङ्ग नपाएका कारण कुनै पनि व्यक्तिले ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले नेपालमा २०७४ देखि मस्तिष्क मृत्युपछि अङ्गदान गर्ने प्रचलन शुरू भयो।

अठार वर्षभन्दा माथिका व्यक्तिले इत्यादि। त्यस्ता रोगीहरू जसको रोगका कारण अङ्ग विफलताको अन्तिम चरणमा बसेर मृत्यु कुरेकालाई अङ्गदानले नयाँ जीवन दिन्छ।

डा श्रेष्ठका अनुसार नेपालमा बर्सेनि तीन हजार मानिसको मिर्गौलाले काम नगर्ने हुन्छ तर प्रत्यारोपण भने तीन सयको मात्रै भइरहेको छ। बाँकी २७ सयको प्रत्यारोपण जरूरी छ तर मिर्गौला छैन। अङ्गदान र प्रत्यारोपणबारे पर्याप्त सचेतना नहुँदा अङ्ग नपाएकै कारण ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको डा. श्रेष्ठको भनाइ छ। "स्वस्थ व्यक्तिले पनि अङ्गदान गर्न चाहँदैन, मृत व्यक्तिको अङ्ग निकाल्न परिवार र आफन्तले दिंदैनन"–उनी भन्छन्।

नेपालमा अहिलेसम्म झन्डै ११ सयको मिर्गौला प्रत्यारोपण भएको छ। प्रत्यारोपणका लागि अङ्गदान गर्नेहरू पनि सबै स्वस्थ छन्। मिर्गौला दान गर्ने व्यक्ति धेरै वर्ष बाँच्ने चिकित्सा विज्ञानले नै प्रमाणित गरेको डा श्रेष्ठ बताउँछन्।

कुनै पनि व्यक्तिको अङ्ग फेल भएमा दीर्घकालीन उपाय भनेको अर्को अङ्ग राख्ने हो। अङ्ग प्रत्यारोपणको विकल्प छैन। मिर्गौलाको लागि डायलाइसिस सेवा भए पनि प्रत्यारोपणको विकल्प छैन। "डायलाइसिस गरेपछि प्रत्यारोपण गर्नु पर्दैन भन्ने भ्रम हामीमा छ तर डायलाइसिसले मानिसलाई केही समय बचाउने मात्र हो, पुनःस्थापना होइन"–श्रेष्ठ भन्छन्–"डायलाइसिस गरेर बस्नु भनेको सधैं बिरामी भइरहनु हो भने मिर्गौला प्रत्यारोपण रोग निको पारेर पहिलेझैं तन्दुरूस्त हुनु हो, रोगमुक्त हुनु हो।" नेपालमा एक वर्षमा झन्डै ३० हजार डायलाइसिस सेसन हुने गरेको छ।

मधुमेह रोग नभएको, उच्च रक्तचाप (सुगर, प्रेसर) बढेर धेरै औषधी बहिनी, बाजे–बजै, छोरा–छोरी, नाति–नातिनी, भतिजा–भतिजी, ज्वाइँ–जेठान, काका–काकी, भान्जा–भान्जी, मामा–माइजु, पति–पत्नी, दुई वर्षदेखि सँगै बसेका धर्मपुत्र–धर्मपुत्री, सौतेलो बाबु–आमालगायतले अङ्ग आपसमा लिनदिन सक्ने कानूनी व्यवस्था छ।

नातेदारबीच अङ्ग लिनेदिने भए पनि मिलेन भने अर्को परिवारसँग मिल्यो भने साटासाट गर्न पाइने व्यवस्था छ। साटासाट गरेर पनि प्रत्यारोपण हुने गरेको छ। नजीकका नातेदारले मात्र अङ्गदान गर्न पाउने प्रावधान भएकोले कानूनविपरीत मिर्गौला प्रत्यारोपण गर्नेलाई पाँच वर्ष कैद र रु पाँच लाख जरिवाना हुने प्रावधान रहेको छ।

यस्तै मस्तिष्क मृत्यु भएकाहरूबाट प्राप्त भएको अङ्ग पनि प्रत्यारोपण हुने गरेको छ। तर नेपालको हकमा अङ्ग प्रत्यारोपणका लागि सबैभन्दा प्रभावकारी मस्तिष्क मृत्युपश्चातको अङ्गदान भए पनि चेतना नहुँदा दान गर्न धेरैले कन्जुस्याइँ गर्ने गरेको शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रकी डा. कल्पनाकुमारी श्रेष्ठ बताउँछिन्। आँखादानजस्तो सहज अरू अङ्ग दान हुन नसकेको उनको भनाइ छ।

नेपालमा अहिलेसम्म २७ सय बढीले मस्तिष्क मृत्युपश्चात अङ्गदान गरेका छन् भने २२ सयजनाले दान गर्ने घोषणा गरेका छन्।

अङ्ग नपाएकै कारण ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न अङ्गदानको महत्त्व र आवश्यकता सबै नागरिकलाई बुझाउन आवश्यक छ भन्छन् डा. श्रेष्ठ। उनका अनुसार मस्तिष्क मृत्युपछिको अङ्गदान कुनै पनि व्यक्तिको मृत्यु अस्पतालको आइसियुमा भई मस्तिष्क मृत्यु घोषणा भएपछि मात्र सम्भव हुन्छ। घरमा मृत्यु

(बाँकी पाँचौं पातामा)




**फूटपाथबाट हटाइएपछि सटरको पेटीमा फलफूल बेच्दै :** बाँकेको कोहलपुर नगरपालिकाद्वार फूटपाथबाट हटाइएका केही फलफूल व्यापारी सटरपेटीमा फलफूल बेच्दै। तस्वीरः रासस

# अवैध सामान भन्सार चलान


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २८ असार/

भन्सार छलीका विभिन्न सामानहरू बरामद गरी वीरगंज भन्सार चलान गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

इलाका प्रहरी कार्यालय, छपकैया, प्रहरी चौकी इनर्वा, प्रहरी चौकी बसपार्क र अस्थायी प्रहरी पोस्ट इनर्वा गाउँको टोलीले बुधवार विभिन्न स्थानबाट भन्सार छलेर नेपाल भित्र्याएको कपडा, मोबाइलको पार्टपुर्जा, चिनी, टच्युब तथा गोल्डेन ओक २८ बोलत, कस्तुरी रक्सी ५५ बोतल गरी एक लाख ९१ हजार मूल्य बराबरको सामान नियन्त्रणमा लिई वीरगंज भन्सार बुझाएको जिप्रका, पर्साले जनाएको छ।

## आर्थिक अराजकता ...

पनि तत्काल नसकिएको अर्थमन्त्रीले जानकारी दिए। बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि भनेर पेट्रोलियम पदार्थमार्फत उठाइएको रकम मुआवजा वितरणका लागि खर्च भएको उल्लेख गरे। मन्त्री डा महतले सो आयोजना निर्माणका लागि कम्पनी स्थापनाको प्रक्रिया अगाडि बढेको भनाइ राखे।

मुलुकमा आइपर्ने अत्यावश्यक कामका लागि खर्च गर्नका लागि विविध शीर्षकमा रकम राख्नैपर्ने उल्लेख गर्दै उनले प्राकृतिक विपद्लगायतका कामका लागि अनावश्यक खर्च निषेध गर्ने र अनुशासन कायम गर्न आफू पूर्णरूपमा प्रतिबद्ध रहेको स्पष्ट पारे।

अर्थमन्त्री डा महतले नियम कानूनभन्दा बाहिर गएर कुनै पनि सरकारी स्रोत खर्च गर्न नसक्ने बताए। आम्दानी नै कम भएकाले सङ्घीय सरकारको बजेट बढी घटाएर प्रदेश सरकारको बजेट कम मात्रै घटाइएको उनको भनाइ छ। बेथितिका कारण जोडिंदै आएका समस्या समाधानका लागि आफूले इमानदार प्रयास गरेको अर्थमन्त्री डा महतको दाबी छ।

**दुई आयोजना अघि नबढ्दा पूँजीगत खर्च कम देखियो –मन्त्री आचार्य**

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले वृद्धाश्रम र बाल सुधारगृह निर्माण आयोजना अघि नबढ्दा मन्त्रालयको पूँजीगत खर्च कम देखिएको बताएका छन्।

राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत विभिन्न शीर्षकमाथिको छलफलका क्रममा मन्त्रालयसँग सम्बन्धित जिज्ञासाको जवाफ दिंदै उनले पूँजीगत कार्यक्रम सामान्य प्रकृतिका भएपनि दुई आयोजना अघि बढ्न नसक्दा चालू खर्च कम देखिएको बताए।

"मन्त्रालयको बजेटको ठूलो हिस्सा चालू खर्चबाट कार्यान्वयन गर्ने प्रकृतिको छ," मन्त्री आचार्यले भने, "तर काठमाडौंको गोठाटारस्थित अस्पतालसहितको वृद्धाश्रम र तनहुँको ढकालटारमा बाल सुधारगृह निर्माण आयोजना अघि बढाउन नसक्दा मन्त्रालयको पूँजीगत खर्च कम देखिएको हो।"

बैठकमा उठेका प्रश्नको जवाफ दिने क्रममा उनले चालू आर्थिक वर्षमा विनियोजित बजेटबाट स्वीकृत कार्यक्रमबमोजिम कार्यक्रम सञ्चालन गर्न बजेट पर्याप्त भएको स्पष्ट पारे। "हालसम्म ५३६ जना गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको छ," मन्त्री आचार्यले भने, "यस कार्यक्रमलाई निरन्तरता दिनका लागि बजेटको कमी छैन।" उनले आगामी आर्थिक वर्षमा कार्यक्रमको प्रभावकारिता अध्ययन गरेर परियोजनालाई थप परिमार्जन गर्नेसमेत बताए।


## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

### फिजिसियन

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## सुरक्षा कारबाईमा नौ सैनिक, पाँचजना आतङ्ककारीको मृत्यु

इस्लामाबाद, २८ असार/सिन्हवा

पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको ग्यारिसन क्षेत्रमा बुधवार सेना र आतङ्ककारीबीच भएको भिडन्तमा नौजना सैनिकको मृत्यु भएको सेनाले जनाएको छ।


तस्वीरः एजेन्सी

प्रान्तको झोब ग्यारिसनमा विभिन्न घातक हतियार बोकेका आतङ्ककारीको एक समूहले बुधवार बिहान लुकेर आक्रमण गर्दा सैनिक जवानले वीरगति प्राप्त गरेका सेनाको आन्तरिक सञ्चार तथा जनसम्पर्क कार्यालयले बिहीवार जारी गरेको विज्ञप्तिमा जनाइएको छ। सेनाले गरेको कारबाईमा पाँचजना आतङ्ककारी पनि मारिएका छन्।

पाकिस्तानी सेनाले सुरक्षा बल बलुचिस्तानसहित पाकिस्तानको शान्ति सुव्यवस्थामा खलल पार्ने शत्रुका सबै घृणित प्रयासलाई विफल पार्न प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ । यसैबीच, पाकिस्तानको खैबर पख्तुनख्वाको कुर्रम जिल्लामा दुई जनजातिबीच जारी झडपमा परी मृत्यु हुनेको सङ्ख्या १३ पुगेको छ । बुधवार थप दुईजनाको मृत्यु भएको हो। हालसम्म ७४ जना घाइते भएका छन्। कुर्रममा लगातार छैटौं दिन पनि जारी झडपमा थप पाँचजना घाइते भएका दैनिक समाचारपत्र डनलाई उद्धृत गर्दै एएनआईले जनाएको छ।

जिल्लाको बोसेहरा डाँडर क्षेत्रमा गत साता झडप शुरू भएको हो । जातीय द्वन्द्व अहिले खार कल्ले, बलेशखेल, पेवार, गिदु, तेरी मेङ्गल, कर्मान पारा चम्कनी, मकबल, कुञ्ज अलिजाईलगायत जिल्लाका अन्य भागमा फैलिएको छ।

हिंसात्मक झडपका कारण सडक अवरुद्ध हुँदा प्रभावित क्षेत्रका जनताले खाद्यान्न, औषधि र इन्धनको अभाव भोग्नुपरेको छ। शैक्षिक संस्था बन्द हुँदा जनजीवन प्रभावित भएको छ। कुर्रमका सहायक कमिश्नर सैयद सैफुल इस्लाम शाहले जनजातिका अग्रजहरूसँग शान्ति बहाली तथा झडप रोक्ने सम्बन्धमा सहकार्यको प्रयास भइरहेको बताए। रासस

## बाढीपीडित महिलाद्वारा सांसदलाई थप्पड

कैथल (हरियाणा), २८ असार/एएनआई

हरियाणाको कैथल जिल्लाका एकजना बाढीपीडित महिलाले बुधवार जननायक जनता पार्टी (जेजेए) का सांसद ईश्वर सिंहलाई थप्पड हानेकी छन्।

सांसद सिंह कैथलको गुहला क्षेत्रमा बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षणमा रहेका बेला बाढीपीडित महिलाले 'तिमी अहिले किन आयौ ?' भन्दै भीडबाट निस्केर थप्पड हानेकी हुन्। पानीको सुमचित व्यवस्था नहुँदा बाढी आएकामा क्रुद्ध उनले सांसदलाई पिटेकी हुन्।

उक्त घटनाको भिडियो पनि सामाजिक सञ्जालमा भाइरल भएको छ। भिडियोमा महिला र अन्य स्थानीयले 'तिमी अहिले किन आयौ ?' भनेको सुनिन्छ। सांसद सिंहलाई उनका निजी सुरक्षा अधिकारीहरूले उद्धार गरेका थिए। घटनापछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले महिलालाई माफ गरिदिएको र उनीविरुद्ध कुनै कानूनी कारबाई नगर्ने बताए।

हरियाणामा अविरल वर्षापछि आएको बाढीका कारण १० जनाको ज्यान गएको छ र मुख्यमन्त्री मनोहरलाल खट्टरले बुधवार ज्यान गुमाउनेको सङ्ख्या बढ्न सक्ने बताएका छन्। मुख्यमन्त्रीले बाढीमा परी ज्यान गुमाउनेका परिवारलाई रु चार लाख राहत प्रदान गरिने घोषणा पनि गरेका छन्।

विगत चार दिनदेखि हरियाणामा मात्र नभई हिमाचल प्रदेश, उत्तराखण्ड र पञ्जाबमा लगातार वर्षाले राज्यका केही जिल्लामा जनजीवन अस्तव्यस्त भएको छ। हालसम्म ९१ जनाले ज्यान गुमाएको सरकारी अधिकारीहरूले बताएका छन्। हिमाचलको सिप्तीमा अलपत्र परेका तीन सय पर्यटकको उद्धारको प्रयास भइरहेको छ। प्रतिकूल मौसमका कारण हेलिकप्टर अवतरण गर्न कठिनाई भएको छ। रासस

## केन्यामा कर वृद्धिको विरोधमा प्रदर्शन : छजना मारिए

नैरोबी, २८ असार/एएफपी

केन्यामा कर वृद्धिको विरोधमा भएका प्रदर्शनमा छजनाको मृत्यु भएको छ।

केन्यामा कर वृद्धि विरोधी प्रदर्शनमा सहभागी विपक्षी दलका कार्यकर्ता र प्रहरीबीच बुधवार भएको झडपमा छजनाको मृत्यु भएको प्रहरी अधिकारीहरूले एएफपीलाई बताएका छन्।

देशका हिंसात्मक घटना बढेपछि गृहमन्त्री किथुरे किन्डिकीले राज्यमा अशान्ति मचाउनेहरूलाई सख्त कारबाई गर्ने चेतावनी दिएका छन्। "मानिसको अमूल्य जीवन गएको छ, दर्जनौं कानून कार्यान्वयन अधिकारी र नागरिक गम्भीर घाइते भएका छन् । देशको अर्थतन्त्रमा अकल्पनीय क्षति भएको छ"– विरोध प्रदर्शनका क्रममा भएका व्यापक हिंसा, लुटपाट, निजी र सार्वजनिक सम्पत्तिको क्षतिको निन्दा गर्दै उनले एक विज्ञप्तिमा भनेका छन्। दण्डहीनताको संस्कृति अन्त्य गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन्।

विरोध प्रदर्शनले उग्र रूप लिएपछि प्रहरीले नैरोबी र आसपासका क्षेत्रबाट प्रदर्शनकारीहरूलाई भगाउन अश्रु ग्याँस प्रहार गरेको थियो। राजधानीको बाहिरी भागमा रहेको म्लोलोन्गो र किटेनगेला शहरहरूमा पाँचजनाको मृत्यु भएको थियो भने नैरोबीलाई मोम्बासाको बन्दरगाह शहरमा जोड्ने राजमार्गमा आक्रमण गर्ने भीडलाई तितरबितर पार्न अश्रु ग्याँस पनि प्रयोग गरिएको थियो, त्यस क्रममा एकजनाको मृत्यु भएको थियो।

नैरोबीको काङ्गेमी बस्तीमा दर्जनौं बालबालिकालाई अस्पताल भर्ना गरिएको छ । केही अझै बेहोश छन्, उनीहरूको कक्षाकोठा नजीकै अश्रुग्याँस प्रहार गरिएको थियो । स्वास्थ्य सेवा कार्यालयका प्रमुखले ५३ जनालाई अस्पताल भर्ना गरिएको बताएका छन्।

विपक्षी नेता रैला ओडिङ्गाले सरकारविरुद्ध विरोध अभियानलाई सशक्त तुल्याउँदै प्रदर्शनमा उत्रन आह्वान गरेका थिए । पूर्वसूचनाविना केन्यामा विरोध प्रदर्शन गर्न नपाइने कानूनी व्यवस्था छ। उक्त प्रावधानको अवहेलना गर्दा सुरक्षा निकायले कारबाई गरेका बताइएको छ। प्रहरी प्रमुख जाफेट कोमेले प्रदर्शनकारीलाई तितरबितर गर्न सबै कानूनी उपाय गरिने चेतावनी दिएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – सुयश |
| मिथुन – खर्चवृद्धि | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – चोरभय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## नेपाली सेनाको सङ्ख्या घटाउने कुनै सोच छैन –रक्षामन्त्री खड्का

काठमाडौं, २८ असार/रासस

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले हाल कायम रहेको नेपाली सेनाको सङ्ख्या घटाउने सन्दर्भमा नेपाल सरकारको कुनै पनि सोच नभएको स्पष्ट पारेका छन्।

राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८० को छलफलका क्रममा सांसदहरूले उठाएका विभिन्न प्रश्नहरूको जवाफ दिने क्रममा उनले भने, "मुलुकको आवश्यकता, तत्कालीन परिस्थिति, मुलुक र अन्तर्राष्ट्रिय परिवेशका आधारमा नेपाली सेनाको सङ्ख्या निर्धारण भएको हो । भविष्यमा पनि सोही सिद्धान्तका आधारमा सङ्ख्या निर्धारण हुनेछ।"

रक्षामन्त्री खड्काले हाल नेपाली सेना विभिन्न काममा पूर्णरूपमा जिम्मेवारीका साथ सक्रियरूपमा लागेको स्पष्ट पारे। नेपाली सेनाको सङ्ख्यालाई उच्चतम उपयोग गरी मुलुकको विकास र उन्नति तथा प्रगतिमा खटाइएको उनको भनाइ छ।

"नेपाली सेना, संविधान, प्रचलित कानून तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सीमा सुरक्षा एवं भौगोलिक अखण्डता रक्षाका कार्यमा सदैव क्रियाशील रहेकोप्रति सबैलाई अनुरोध गर्न चाहन्छु," उनले भने, "कुनै पनि देशको सेनाको सङ्ख्या उक्त देशको भौगोलिक अवस्था, राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेश र समयसमयमा मुलुकको आवश्यकता अनुसार निर्धारण हुने गर्छ।"

उनले नेपाली सेनाको सङ्ख्या राष्ट्रिय सुरक्षा परिषद्को सिफारिशमा नेपाल सरकारको निर्णयबमोजिम निर्धारण हुनेसमेत स्पष्ट पारे। साथै नेपाली सेनाले संविधान तथा अन्य कानूनले दिएको जिम्मेवारी, सरकारले समय–समयमा दिने


तस्वीरः रासस

जिम्मेवारी, अन्तर्राष्ट्रियस्तरमा शान्ति स्थापनाका लागि गर्ने कार्यलगायत विभिन्न जिम्मेवारीमा पनि प्रभावकारी र जिम्मेवारपूर्वक निर्वाह गरेको बताए।

उनले भने, "सृष्टि रहेसम्म हाम्रो देश रहन्छ। त्यो बेलासम्म हाम्रो मुलुकको रक्षाका लागि, भौलोगिक अखण्डताका लागि, सीमा रक्षाका लागि नेपालीसँगै नेपाली सेना पूर्णरूपमा प्रतिबद्ध छ । प्रतिकूल अवस्थालाई अनुकूलतामा परिणत गर्दै नेपाली सेनाले आफ्नो भूमिका अत्यन्तै अनुशासितरूपमा निर्वाह गर्दै आएको छ।"

उनले नेपाली सेनाको दरबन्दी ९६ हजार ४७७ भएपनि हाल ८१ हजार २७७ सङ्ख्या कायम भएको बताए। तीमध्ये ७४ हजार ५०५ पुरुष र छ हजार ७७२ महिला रहेको उनको भनाइ छ।

हाल कायम रहेको नेपाली सेनालाई दुईवटा प्रमुख काममा जिम्मेवारी दिइएको उनले सुनाए। उनका अनुसार ४० हजार दुई सय सातजनालाई शान्ति सेना, विभिन्न तालीम प्रदान, विपद् व्यवस्थापन तथा र विकास निर्माणका क्षेत्रमा खटाइएको छ भने बाँकी ४१ हजार ७० जनालाई सञ्चालन र ड्युटीलगायतमा खटाइएको छ।

उनले नेपाली सेनालाई भौतिक पूर्वाधार निर्माण, वातावरण तथा प्रकृति संरक्षण र विपद् व्यवस्थापनमा पनि खटाइएको बताए। अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि पनि नेपाली सेनाले प्रमुख भूमिका खेलेको उनको भनाइ छ।

"नेपाली सेना विश्वका कुनै पनि भागमा संयुक्त राष्ट्रसङ्घको छातामुनि रहेर द्वन्द्वरत मुलुकमा शान्ति स्थापनाका लागि निकै ठूलो भूमिका निर्वाह गरेको छ," रक्षामन्त्री खड्काले भने, "शान्ति स्थापना भएका देशमा नेपाली सेनाप्रति त्यहाँका जनताले देखाएको विश्वास र अपनत्व गौरव गर्न लायक छ, यसको मनोवैज्ञानिक प्रभाव विश्वभर परेको छ।" रक्षामन्त्री खड्काले नेपाली सेना

(बाँकी अन्तिम पातामा)

## नगरप्रहरी र व्यापारीबीच झडप

बारा, २७ असार/रासस

कलैया बजार व्यवस्थित गर्न खटिएका नगरप्रहरी र व्यापारीहरूबीच झडप हुँदा एकजना नगरप्रहरी गम्भीर घाइते भएका छन्।

कलैया हाटबजारमा व्यापारीले नगरपालिकाले उपलब्ध गराएको ठाउँमा व्यापार नगरी सडकपेटीमा सामान राखी व्यापार गर्दा सर्वसाधारणलाई हिंड्डुल गर्न समस्या हुन थालेपछि कलैया उपमहानगरपालिकाले पसल हटाउन नगरप्रहरी खटाएको थियो।

अवरोध हटाउन नगरप्रहरीले काम थालनी गर्न थालेपछि व्यापारीले अवरोध सिर्जना गर्न खोज्दा व्यापारी र नगरप्रहरीबीच झडप भएको थियो।

व्यापारीको कुटाइबाट नगरप्रहरी उज्ज्वल यादव गम्भीर घाइते भएको नगरप्रमुख विनोद साहले जानकारी दिए। यादवलाई तत्कालै प्रादेशिक अस्पताल कलैया लगिएकामा त्यहाँ उपचार हुन नसक्दा थप उपचारका लागि वीरगंज पठाइएको अस्पतालका अहेब प्रदीप यादवले जानकारी दिए।

यादवको छातीमा चोट लागेको अस्पताल प्रशासनले जनाएको छ । यसैबीच, नगरप्रमुख साहले अस्पताल पुगी घाइते भएका नगरप्रहरीको अवस्था बुझेका छन्।

नगरपालिकाको निर्णय कार्यान्वयन गर्न खटिएका नगरप्रहरीमाथि भएको आक्रमणको घोर भर्त्सना गर्दै दोषीलाई कारबाई गराउन कडा कदम चालिने उनले बताए।

दुवै पक्षबीचको झडपमा यादवसहित पाँचजना नगरप्रहरी घाइते भएका छन्। सोही झडपमा परी करीब एक दर्जन व्यापारी पनि घाइते भएको नेपाल तरकारी फलफूल खुद्रा व्यापारी सङ्घका अध्यक्ष दीपलाल साहले जानकारी दिए।

### अङ्गदान गर्ने महिला ...

भएको व्यक्तिको निर्धारित समयसम्म आँखादान मात्रै सम्भव हुन्छ।

मस्तिष्क मृत्यु भएको व्यक्तिलाई चिकित्सा विज्ञानले पूर्णरूपमा मृत घोषित गर्छ । यस्तो अवस्थामा मृत व्यक्तिको नातेदारको सहमतिमा अङ्ग निकाल्ने काम हुन्छ।

मस्तिष्क मृत्युको घोषणा ऐनले तोकेका, योग्यता पुगेका चिकित्सकहरूमध्ये बिरामीको उपचारमा संलग्न चिकित्सकसहित कम्तिमा एकजना ऐस्थेलियोजिस्ट वा इन्टेसिसभस्ट रहेको टोलीबाट परीक्षण पछि मात्रै गरिन्छ। यस्ता चिकित्सकहरू प्रत्यारोपण कार्यमा संलग्न हुन पाउँदैनन्।

यसरी चिकित्सा विशेषज्ञको टोलीले छ घण्टाको अन्तरालमा दुईपटक परीक्षण गरी सुनिश्चित भएपछि मात्रै मस्तिष्क मृत्युको घोषणा गर्ने डा.श्रेष्ठ बताउँछन्।

"अङ्गदान गर्ने घोषणा गरेको व्यक्तिको मृत्यु हुन्छ, आफन्त शोकमा हुन्छ, यस्तो अवस्थामा परिवार र आफन्तलाई अङ्गदानका लागि बुझाउन निकै सङ्घर्ष गर्नुपर्छ, कतिपय ठाउँमा समस्या भोग्नुपरेको छ"–उनी भन्छन्।

प्रत्यारोपण केन्द्रका अनुसार 'ब्रेन डेथ' भएकाहरूको शरीरबाट निकालिने मिर्गौला २४ घण्टासम्म प्रत्यारोपण गर्न मिल्छ। मुटु छ घण्टा, कलेजो १५ घण्टा, फोक्सो आठ घण्टा, सानो आन्द्रा १० घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने हुन्छ। मृत्युपश्चात् अङ्गदाताको शरीरबाट सावधानीपूर्वक अङ्ग निकालिने भएकोले शवमा कुनै पनि विकृति नदेखिने उनी बताउँछन्।

मिर्गौला स्वस्थ राख्न हाम्रो आनीबानी परिवर्तन गर्नुपर्छ । हरेक दिन प्रशस्त पानी पिउने, उच्च रक्तचाप र शरीरको तौल नियन्त्रणमा राख्न, मद्यपान र धूमपान नगर्न, नियमित स्वास्थ्य परीक्षण गर्न र स्वास्थ्यप्रति सचेत रहन चिकित्सकको सुझाव छ।

पहिले रक्तदान गर्नेको सङ्ख्या निकै कम थियो अहिले सचेतनाका कारण बढ्दै गएको छ। तीनै तहका सरकारले अङ्गदान नै जीवन दान हो भन्ने महत्त्व बुझाउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।


### कर्मचारी आवश्यकता

**सूचना प्रकाशन मिति : असार २९, २०८०**

द एसिया फाउन्डेशन एसिया तथा प्रशान्त क्षेत्रमा जीवनस्तर सुधार्न र अवसरको विस्तार गर्न प्रतिबद्ध एक गैर–नाफामुखी अन्तर्राष्ट्रिय विकास संस्था हो। दशकौं लामो अनुभव र स्थानीय विशेषज्ञतायुक्त हाम्रो कार्यक्रम सुशासन, महिला सशक्तिकरण एवं लैङ्गिक समानता, समावेशी आर्थिक वृद्धि, वातावरण संरक्षण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्बन्धको प्रवर्द्धनमा केन्द्रित छ।

द एसिया फाउन्डेशनले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी)को आर्थिक सहयोगमा सञ्चालित नागरिक समाज र सञ्चार (USAID Civil Society and Media) कार्यक्रम अन्तर्गत प्रशासनिक कार्य एवं कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउने वरिष्ठ प्रशासन सहायक (Senior Administration Associate) नियुक्त गर्न लागेको हुँदा इच्छुक उम्मेद्वारबाट आवेदन माग गर्दै यो सूचना प्रकाशन गरेको छ।

**पद**: वरिष्ठ प्रशासन सहायक (Senior Administration Associate)

**आवश्यक संख्या**: २ (मधेश प्रदेशका लागि १ र लुम्बिनी प्रदेशका लागि १)

**उम्मेद्वारको अपेक्षित योग्यता**: विज्नेश स्टडिज्, प्रशासन, व्यवस्थापन वा अन्य सान्दर्भिक विषयमा स्नातक तह उत्तीर्ण। प्रशासन सञ्चालन क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव। यसअघि युएसएआईडी (USAID)को सहयोगमा सञ्चालित कार्यक्रममा काम गरेकोलाई प्राथमिकता दिइनेछ।

इच्छुक उम्मेद्वारलाई २०८०, साउन ९ गतेसम्म आवेदन पठाउन अनुरोध गरिन्छ। विस्तृत कार्य विवरण र आवेदन प्रक्रियाको पूर्ण जानकारीको लागि कृपया यो लिङ्कमा जानुहोस्। bit.ly/3rtYWef<https://merojob.com/senior-admin-associate/>

*द एसिया फाउन्डेशन समान अवसरको सिद्धान्त पालना गर्ने रोजगारदाता हो र विविधता पूर्ण एवं समावेशी कार्यस्थल निर्माण गर्न सदैव प्रतिबद्धछ। महिला र आर्थिक एवं सामाजिक रूपले पछाडि पारिएका समुदायका उम्मेद्वारलाई आवेदन दिन हामी प्रोत्साहित गर्छौं।*



### यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७९/८०

# श्रमिकको न्यूनतम पारिश्रमिक २५ हजार कायम गर्नुपर्ने माग

प्रस, वीरगंज, २८ असार/

नेपाल ट्रेड युनियन काङ्ग्रेस, पर्साले बिहीवार न्यूनतम पारिश्रमिक २५ हजार कायम गर्नुपर्ने माग गर्दै प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीलाई ज्ञापनपत्र बुझाएको छ।

पर्सा अध्यक्ष छोटेलाल प्रसादको नेतृत्वमा निस्किएको र्‍याली नगरपरिक्रमापछि जिल्ला प्रशासन कार्यालयमा पुगेको थियो।

श्रमको सम्मान गरौं, श्रमशक्ति नै राष्ट्रशक्ति हो नाराका साथ निकालिएको र्‍यालीमा सहभागीहरूले योगदानमा आधारित सामाजिक सुरक्षा अनिवार्य लागू गर्नुपर्ने, स्थानीय तहमा श्रमिकहरूको पञ्जीकरण, श्रम आयोग गठन, नीति निर्माण तहमा श्रमिकको प्रतिनिधित्वलगायतका माग राख्दै ज्ञापनपत्र बुझाएका थिए।


तस्वीरः प्रतीक

कार्यक्रममा युनियनका लक्ष्मणप्रसाद कुर्मी, पुरन साह कानू, विशेश्वर पटेललगायतको सहभागिता थियो।

# कर्जा तिरे पनि निर्धन उत्थान बैंकले जग्गा फुकुवा गरेन

प्रस, परवानीपुर, २८ असार/

वीरगंज–२१ परवानीपुरमा रहेको निर्धन उत्थान बैंकको शाखाले ऋण चुक्ता गर्ने ऋणीको जग्गा फुकुवा नगरेको गुनासो आएको छ।

वीरगंज–३२ चोर्नीका छोटेलाल रामको १० धुर जग्गा धितोबापत सो शाखामा दृष्टिबन्धक गरिएकोमा कर्जा चुक्ता गर्दा पनि जग्गा फुकुवा नभएको रामले गुनासो गरे।

रामकी पत्नी रीतादेवीले पाँच वर्ष पहिले चार लाख कर्जा लिएकी थिइन्। सो समयमा साबिक चोर्नी–४ कित्ता नं ३७० को १० धुर बराबरको जग्गा धितो राखेकी थिइन्।

सो जग्गामा घर निर्माणको काम गर्नुपर्दा बैंकले जग्गा फुकुवा नगरेकोले आफूहरू समस्यामा परेको राम परिवारको भनाइ छ।

यस विषयमा शाखा प्रबन्धक महादेवप्रसाद गौतमले रामका भाइहरूले पनि कर्जा लिएको र लामो समयदेखि कर्जा नतिरेका कारण जग्गा फुकुवा नगरेको जवाफ दिए। दाजुभाइ सबैजना एउटै समूहको सदस्य भएकाले कर्जा असुलीको लागि दबाब सिर्जना गर्न जग्गा फुकुवा नगरेको उनको भनाइ थियो। तर दाजुभाइ सबैजना छुट्टिएर बसेको र दाइले आफैंले कमाएर पछि जग्गा किनेकाले भाइहरूले विनाधितो साधारण कर्जा लिएका थिए। भाइहरूले कर्जा लिएपनि छुट्टिसकेको दाइको जग्गा रोकेर राख्नुको कारण नबुझिएको पीडित परिवारले दुःखेसो पोखेको छ।


गुनासो पोख्न प्रतीकको कार्यालयमा राम दाजुभाइ। तस्वीरः प्रतीक

### नेपाली सेनाको सङ्ख्या ....

विश्वमा शान्ति स्थापनाका दृष्टिले सङ्ख्याका रूपमा दोस्रो र प्रभावकारिताका हिसाबले अब्बल रहेको बताए।

उनले सेनाको व्यवस्थापनका सन्दर्भमा बङ्करबाट ब्यारेकसम्म अभियान अन्तर्गत हालसम्म पाँच हजार ८५० ब्यारेक निर्माण गर्नुपर्नेमा तीन हजार ७२२ ब्यारेक निर्माण भइरहेको बताए। उनले यसका लागि आगामी आवमा रु दुई अर्बको हाराहारीमा बजेट विनियोजन गरिएको समेत बताए।

रक्षामन्त्री खड्काले तराई–मधेस द्रुतमार्ग निर्माणको जिम्मेवारी नेपाली सेनाले पाएको उल्लेख गर्दै २०८३ चैत मसान्तभित्र निर्माण सम्पन्न गर्नेगरी काम अगाडि बढेको जानकारी दिए। "कोरोना महामारीलगायतका कारण फास्ट ट्र्याक निर्माणमा ढिलाइ भएको हो, अहिले निर्माण तीव्र गतिमा अगाडि बढाइएको छ, २०८३ चैत मसान्तभित्र सम्पन्न गर्नेगरी काम भइरहेको छ।"

### दुधेश्वर महादेव मन्दिर...

छलफलमा दुधेश्वर महादेव मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थीहरूलाई बिहान ५ बजे प्रवेश गर्न र साँझ ५ बजेभन्दा पहिले निस्किने मापदण्ड रहेको सचिव उपाध्यायले बताए। ढिलो भए मेलामैं बास बस्नुपर्ने जनाइएको छ। यसका साथै हात्ती, बाघलगायतका जङ्गली जनावरका कारणले मेला क्षेत्रभन्दा बाहिर जान नपाइने, निकुञ्जभित्र गुटखा लैजान नपाइने र ठूलो तथा चर्को स्वरमा बज्ने साउन्ड सर्भिस लैजान र बजाउन पूर्णरूपमा प्रतिबन्ध गरिएको सचिव उपाध्यायले बताए।





# खेलकूदको संसार

## प्रधानमन्त्री कप भलिबल प्रतियोगिता, हेल्प नेपालको जीत

काठमाडौं, २८ असार/रासस

राजधानीमा जारी सातौं संस्करणको प्रधानमन्त्री कप महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिग च्याम्पियनशिप अन्तर्गत बिहीवार भएको पुरुषतर्फको खेलमा टिपटप हेल्प नेपाल विजयी भएको छ।




राष्ट्रिय खेलकूद परिषद्को कभर्डहलमा भएको खेलमा टिपटप हेल्प नेपालले विभागीय टोली नेपाल एपिएफ क्लबलाई ३–२ को सेटमा पराजित गर्दै विजयी भएको हो।

हेल्प नेपालले एपिएफमाथि २७–२५, २५–१७, २१–२५, २३–२५ र १६–१४ ले पराजित गर्दै विजयी भएको हो। यस जीतसँगै हेल्प नेपालको फाइनल पुग्ने सम्भावना बलियो बनेको छ। अब लिग चरणको अन्तिम खेलमा हेल्प नेपालले शुक्रवार त्रिभुवन आर्मी क्लबसँग खेल्नेछ।

प्रतियोगितामा पुरुषतर्फ सात टोलीको सहभागिता रहेको छ भने महिलातर्फ छ टोलीको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल यही असार ३० गते हुनेछ।

# वर्षाले फाइदा पुगे, किसान हर्षित

प्रस, सेढवा, २८ असार/

गएराति भएको वर्षाका कारण धानबालीलाई फाइदा पुग्दा ग्रामीण किसानहरू हर्षित भएका छन्।

लामो समयदेखि पानी नपरेर खेत सुक्खा भई खडेरी परेको बेला हिजो रातिको पानीले किसानहरूलाई खुशी बनाएको छ। पानी नपरेको कारण नदी, कुलो, भूमिगत सिंचाइ अन्तर्गत पर्ने बोरिङका साथै चापाकल पनि सुक्दै गएको अवस्थामा पानी पर्दा आम नागरिक नै खुशी भएका छन्।

पटेर्वासुगौली गाउँपालिका वडा नं ३ का किसान भागवत चौधरी पानी नपरेर वर्षेबाली धानको रोपाइँ ढिलो भएको बताए। केही किसानहरूले दमकलबाट सिंचाइ गरेका थिए। तर चर्को घामका कारण खेतमा दुई दिन पनि पानी नटिक्ने गरेको र बिरुवा सुकेर जल्ने गरेको चौधरीले बताए। यो पानीले रोपाइँ गरेका र रोपाइँ गर्न बाँकी रहेका किसानलाई निकै राहत भएको किसान चौधरीले बताए।

सिंचाइको व्यवस्था नभएको वा आकाशे पानीको भरमा रहेका माथि सतह भएका खेतमा हिजो रातिको पानीले रोपाइँ भएका किसानहरूलाई फाइदा भएको छ। जीराभवानी गाउँपालिका वडा नं २ का किसान अमृत चौधरीले धान रोपाइँको लागि यो पानी अमृत समान रहेको बताए। यो पानीले खेतमा किसानहरूले धान रोपाइँ गर्न नसके पनि थोरै समय दमकल चलाए सिंचाइका लागि आवश्यक पानी पुग्ने चौधरीले बताए। यो पानीले जमीनको सतह पूर्णरूपमा भिजिसकेकोले ५–७ घण्टा दमकल चलाउँदा सिंचाई गर्न सकिने चौधरीले बताए। यसभन्दा पहिले प्रतिबिघा २५ देखि ३० घण्टा दमकलबाट सिंचाइ गर्नुपरेको थियो।

हिजो राति परेको पानीका कारण अधिकांश किसानले रोपाइँ कार्य गरेका हुँदा बीउ उखेल्ने, रोपाइँ गर्ने, बीउ ओसार्ने, ज्यामी र जोताइ गर्न ट्याक्टरको अभाव देखिएको छ।

# माछामासुको मूल्य घटे पनि हरियो तरकारीको बढ्यो

नितेश कर्ण, वीरगंज, २८ असार/

बोइलर कुखुराको मासुको मूल्य किलोमा ४० देखि ६० रुपियाँले घटेको छ। तिथिले साउन महीना लागेपछि पर्सा जिल्लामा कुखुराको मासु तथा माछाको मूल्य घटेको व्यापारीहरूले बताएका छन्।


माछा बिक्री गर्दै। तस्वीरः प्रतीक


तस्वीरः प्रतीक

रु ४४० मा बिक्री हुँदै आएको बोइलर कुखुराको मासु तिथिले साउन लागेपछि अहिले वीरगंजमा ३८० देखि ४०० सम्ममा बिक्री भइरहेको छ। साउनमा हिन्दू धर्मावलम्बी व्रत बस्ने भएकाले र माछामासुको खपत पनि घट्ने भएपछि मूल्य घटेको माछामासु व्यापारीहरूले बताएका छन्। माछामासुको मूल्य घटे पनि हरियो तरकारीको मूल्य निकै बढेको छ।

वीरगंजको मीनाबजार कम्प्लेसमा हरियो तरकारीको मूल्य कम्तीमा रु ५० देखि बढीमा १२० सम्म पुगेको छ। त्यस्तै, हरियो खुर्सानी अहिले एक पाउको रु ८० देखि एक सयसम्म पुगेको तरकारी व्यापारीहरूले बताएका छन्।

# ज्ञानदामा विद्यार्थी परिषद्को चुनाव


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २८ असार/

ज्ञानदा एकेडेमीले बिहीवार विद्यार्थी परिषद्को चुनाव सम्पन्न गरेको छ। सैद्धान्तिक शिक्षाभन्दा व्यावहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले चुनाव कार्यक्रम गरिएको एकेडेमीका कार्यकारी अधिकृत राजेन्द्र कोइरालाले बताए।

उनले अहिलेका विद्यार्थी आगामी दिनमा विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने व्यक्तित्व हुने भएकाले विद्यार्थी जीवनदेखि नै उनीहरूलाई यस प्रकारका अभ्यास गराउनुपर्ने बताए। वर्तमान शिक्षा प्रणालीलाई जीवन र जगत्सँग जोड्न विद्यार्थीलाई व्यावहारिक तथा सीपमूलक शिक्षा दिनु जरुरी भएकोले यस प्रकारका चुनावको अभ्यास गराएको उनले बताए। हेड ब्वाय र हेड गर्ल पद चयन गर्नका लागि विद्यार्थीहरू माझ निर्वाचन गरिएको कार्यकारी अधिकृत कोइरालाले बताए।

## पखालाबाट बचौं र बचाऔं

**पखाला लाग्न नदिन,**

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
- शौचालयको प्रयोगपश्चात् र फोहोर चीज छोएपछि साबुनपानीले मिचिमिची हात धुने गरौं।
- खाना बनाउनु, खुवाउनु र खानुअघि पनि साबुनपानीले हात धुने गरौं।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानी मात्र पिउने गरौं।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
- घरका कोठा, आँगन, कौसी, बरण्डा, भान्सा, शौचालय एवं घरवरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड